ऐरावती गाउँपालिका

# स्थानीय राजपत्र

ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) बरौला, प्यूठान फागुन २९ गते, २०७८ साल (संख्या ४

भाग १

ऐरावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बरौला, प्यूठान

ऐरावती गाउँपालिकाको दशौं गाउँसभाले बनाएको तल उल्लेखित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ऐरावती गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ सम्वन्धी ऐन २०७८

### प्रस्तावना

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको प्रभावकारी कार्यान्वयन गदै जनस्वास्थ्यसम्बन्धी सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय, सर्वशुलभ र सहज तुल्याई नागरिकको स्वास्थ्व सेवा र सरसफाइमा पहुँच स्थापित गर्नको लागि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ र २२६ बमोजिम ऐरावती गाउँपालिकाको दशौ गाउँ सभाले यो ऐनको तर्जुमा गरेको छ ।





## परिच्छेद एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ऐरावती गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई ऐरावती गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले ऐरावती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आमनागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि ऐरावती गाउँपालिकाबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पूनर्स्थापनात्मक सेवालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले ऐरावती गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "गाउँपालिकाल" भन्नाले ऐरावती गाउँपालिकासम्झनु पर्दछ ।

(ङ) "ट्रष्ट वा लोककल्याणकारी संस्था" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्था तथा गैह्र नाफामूलक संघ-संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थाहरु (जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनु पर्दछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यबिधिहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवा सँगसँगै नाफाको समेत उद्देश्य राखी नीजि क्षेत्रवाट सञ्चालित हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ र सो शब्दले ऐरावती गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य उपचारको लागी खोलिएका शुल्क लिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (जस्तै : अस्पताल, पोलिक्लिनिक क्लिनिक, नर्सिङ्ग होम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी अनुसन्धान केन्द्र, डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) लाई समेत वुझाउँदछ ।

(ज) "पोलि क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा (जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि) जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्दछ ।

(झ) "प्रयोगशाला" भन्नाले निदानात्मक सेवाहरु (जस्तैः रगत, दिशा, पिसाब तथा खकार इत्यादी जाँच जस्ता सेवाहरु) प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐरावती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) "फार्मेसी" भन्नाले कानून बमोजिम दर्ता भई औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीबाट सेवा प्रदान गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "संघीय कानून" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐन र नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्यसम्बन्धी नियमावलीलाई सम्झनु पर्दछ ।

(ड) "सभा" भन्नाले ऐरावती गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ढ) "स्वास्थ्य शाखा" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि स्थापना गरिएका शाखा/उपशाखा/इकाईलाई सम्झनु पर्दछ ।

(ण) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित रुपमा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वस्थ्य शाखा प्रमुख कर्मचारीलाई सम्झनु पर्दछ ।

(त) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई रआयुर्वेद तथा बैकल्पिक स्वास्थ्य सेवा प्रदान गर्नेस्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(थ) "स्वास्थ्य सेवा व्यावसाय" भन्नाले स्वास्थ्य उपचारकोलागि चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्ने उद्योग, भण्डारण र विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यावसायलाई सम्झनु पर्दछ ।

(द) "स्वास्थ्यसेवा समिति" भन्नाले दफा १० बमोजिम गाउँपालिकाअन्तर्गत गठित स्वास्थ्य सेवा समितिलाई सम्झनु पर्दछ ।





## परिच्छेद दुई

## सेवाग्राहीको अधिकार तथा कर्तव्य र स्वास्थ्य संस्थाको आधारभूत दायित्व

**३. नागरिकको स्वास्थ्य सेवामा पहुँच :** (१) गाउँपालिकामा प्रत्येक नागरिककलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले सञ्चालन गर्ने स्वास्थ्यसम्बन्धी सेवा तथा कार्यक्रममा नागरिकहरु सहभागी हुन सक्नेछन् ।

(३) गाउँपालिकाले उपलब्ध गराउने आधारभूत स्वास्थ्य सेवाको पहुँचमा आफ्ना नागरिकहरु बीच भेदभाव गरिने छैन र कुनै पनि नागरिकलाई आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(४) गाउँपालिकामा नागरिकलाई देहाय बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु प्राप्त गर्ने हक हुनेछ :

(क) खोप सेवा

(ख) नवजात शिशु तथा बालरोग उपचार, बाल स्वास्थ्य सेवा, बाल पोषण सेवा

(ग) गर्भवती, प्रसव तथा सुत्केरी र मातृ सेवा,

(घ) परिवार नियोजन, प्रजनन स्वास्थ्य सेवा र गर्भपतन सेवा,

(ङ) सरुवा रोग नियन्त्रणसम्बन्धी सेवा,

(च) नसर्ने रोग तथा शारिरिक विकालङ्गता सम्बन्धी सेवा,

(छ) मानसिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) जेष्ठ नागरिक स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था,

(झ) सामान्य आकष्मिक अवस्थाका स्वास्थ सेवा,

(ञ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ट) आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा,

(ठ) गाउँपालिका र नेपाल सरकार तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य सेवा ।

(५) उपदफा (४) बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वय तथा सहकार्य र गाउँपालिकाको आफ्नै स्रोत साधन परिचालन गरी निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(६) उपदफा (४) मा उल्लिखित आधारभूत स्वास्थ्य सेवामा आवश्यकता र गाउँपालिकाकमा उपलब्ध स्रोत साधन र क्षमताका आधारमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाको

व्यवभारमा आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(७) उपदफा (४) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता अनुसार कार्यपालिकाको निर्णयबाट पहिचान गरिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई कार्यपालिकाबाट निर्धारित अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क रुपमा उपलब्ध गराउन सक्नेछ ।

(८) नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउँदा नेपाल सरकारले निर्धारण गरेका मापदण्डहरुलाई समेत मध्यनजर गर्दै आधारभूत स्वास्थ्य सेवा प्रवाहको मापदण्ड र प्रक्रिया कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकार अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरु वा निजी, गैरसरकारी, सहकारी तथा सामुदायिक स्वास्थ्य संस्थासँगको समन्वय, सहकार्य तथा साझेदारीमा नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ ।

(१०) यस ऐन बमोजिम उपलब्ध गराईने आधारभूत स्वास्थ्य सेवा र अन्य स्वास्थ्य सेवाका बारेमा नागरिक बडापत्र र अन्य विभिन्न माध्यमबाट सार्वजनिक रुपमा जानकारी गराइनेछ ।

**४. आधारभूत स्वास्थ्य सेवामा पहुँच :** (१) नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पहुँच प्रदान गर्न र यस ऐन बमोजिम गाउँपालिकाको स्वास्थ्य सम्बन्धी अन्य गतिविधि संचालनको लागि कार्यपालिका मातहत एक स्वास्थ्य तथा सरसफाई शाखा रहनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित गर्न स्वास्थ्य तथा सरसफाइ शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा वा इकाईहरू स्थापना गरी तिनको काम कर्तब्य र अधिकार समेत तोक्न सक्नेछ ।

(३) गाउँपालिकाले सरकारी वा सामुदायिक रुपमा सञ्चालित आधारभूत स्वास्थ्य सेवा केन्द्र वा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक अस्पताल, विभिन्न किसिमका फार्मेसी, आयुर्वेदिक वा होमियोपेथिक तथा मान्यता प्राप्त वैकल्पिक चिकित्सालयबाट समेत नागरिकलाई आधारभूत तथा अन्य स्वास्थ्य सेवामा पहुँचको सुनिश्चित गर्न सक्नेछ ।

(४) गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा यस ऐन र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको मापदण्डहरु पुरा गरेको स्वास्थ्य संस्थाहरुको स्थापना गरी





त्यस्त स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरण र औषधीहरुको प्रवन्ध गर्नेछ ।

(५) स्वास्थ्य संस्था र उपचार गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई निजको स्वास्थ्य अवस्था, उपचारको अवस्था, रोग निदानका सम्भावना वा विकल्प र सम्भावित जोखिमका बारेमा सेवाग्राहीले बुझ्ने भाषामा जानकारी दिनु पर्नेछ ।

(६) स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले सम्बन्धित परिषदहरुले निर्धारण गरे बमोजिमका पेशागत आचरण र आचार संहिताको पालना गर्नुपर्नेछ ।

**५. आकस्मिक उपचार तथा विशेषज्ञ सेवा :**(१) प्रत्येक स्वास्थ्य संस्थाले उपलब्ध भएसम्मका स्रोत साधनको उपयोग गरी आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ र आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन नसक्ने भएमा उपलब्ध हुन सक्ने उपचार तत्काल उपलब्ध गराई थप उपचारका लागि सम्बन्धित अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नँपर्नेछ ।

(२) कार्यपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग समन्वय गरी घुम्ति शिविरका माध्यमबाट स्वास्थ्य सम्बन्धी विशेषज्ञ सेवा वा विशिष्टकृत सेवा उपलब्ध गराउने प्रवन्ध गर्न सक्नेछ ।

(३) घुम्ति शिविर मार्फत स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा वा विशिष्टकृत सेवा उपलब्ध गराउन चाहने स्वास्थ्य संस्थाले गाउँपालिकासँग समन्वय गरी निर्धारित स्थान र समयमा घुम्ति शिविर सञ्चालन गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र कुनै पनि विशेषज्ञ सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु बीच सम्झौता गराई उपचारका लागि प्रेषण गर्ने प्रणाली स्थापना गर्न सक्नेछ ।

**६. स्वास्थ्य संस्थाको दायित्व :** (१) प्रत्येक स्वास्थ्य संस्थाले निर्धारित योग्यताप्राप्त सेवा प्रदायक स्वास्थ्यकर्मीबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको संक्रमण हुन नदिने र रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायहरुको अवलम्बन गर्नुपर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफूले उपलब्ध गराउने वा उपलब्ध गराउँदै आएका स्वास्थ्य सेवासँग सम्बन्धित सूचनाहरु मध्ये कम्तिमा उपलब्ध स्वास्थ्य सेवा, सोको

प्रकृति, सेवाका लागि अनुमानित समय र लागत, सेवा उपलब्ध हुने समय तालिका, उपलब्ध स्वास्थ्यकर्मीको समय तालिका र गुनासो सुनुवाई संयन्त्रका बारेमा सूचना प्रवाह गर्नेगरी नागरिक बडापत्रको व्यवस्था गर्नुपर्नेछ ।

(४) प्रत्येक स्वास्थ्य संस्थाले प्रचलित कानूनको अधिनमा रही स्वास्थ्यकर्मीको सुरक्षा र रोगको संक्रमण नहुने र रोक्नेतर्फ आवश्यक उपायको अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद तीन
## आधारभूत तथाआकस्मिक स्वास्थ्य सेवा प्रदायक

**७. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदायक :**(१) गाउँपालिकामा देहाय बमोजिमका स्वास्थ्य संस्थाहरु आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदायक संस्थाको रुपमा रहने छन् :

(क) सरकारी तथा सामुदायिक स्वामित्वमा संचालितआधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयूवेर्द तथा प्राकृतिक चिकित्सा केन्द्र ।

(ख) निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, फार्मेसी र प्रयोगशाला ।

(ग) स्वस्थ्य सहकारी संस्थाद्धारा सञ्चालित सहकारी स्वास्थ्य संस्था ।

(घ) आर्थिक लाभ वा नाफाको उद्देश्य नराखी ट्रष्ट वालोककल्याणकारी संस्थाहरुले संचालन गर्ने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक आदि ।

(२) नागरिकहरुलाई आधारभूत स्वास्थ सेवा तथा आकस्मिक स्वास्थ्य सेवा सहज र सुलभ रुपमा प्रदान गर्नका लागि गाउँपालिकाको स्वामित्व वा मातहतमा सञ्चालित स्वास्थ्य केन्द्रहरुलाई विशेष प्राथमिकता दिई विभिन्न कार्यक्रम सञ्चालन गर्न र आवश्यक स्रोत साधन विनियोजन गर्न सकिनेछ ।

**८. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले यस ऐनका साथै नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्यसम्बन्धी प्रचलित कानूनमा निर्धारित आधारभूत मापदण्डको गर्नु पर्नेछ ।





**९. स्वास्थ्य संस्थाको दर्ता र नियमन :**यस ऐन र प्रचलित कानून बमोजिमका स्थापित विभिन्न स्वास्थ संस्थाहरु मध्ये निजी तथा सहकारी र लोककल्याणकारी स्वास्थ्य संस्थाहरु यस ऐन र प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई नियमित र बैधानिक रुपमा सञ्चालन भएको हुनु पर्नेछ ।

## परिच्छेद चार
## स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी संस्थागत संरचना

**१०. स्वास्थ्य सेवा समितिको गठन :**(१) गाउँपालिकाको क्षेत्रभित्र गाउँपालिकाको स्वामित्वमा रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र निजी वा सामुदायीक, ट्रष्ट तथा लोककल्याणकारी संस्थाले सञ्चालन गरेका स्वास्थ्य संस्थाहरुको रेखदेख, समन्वय, नियमन तथा व्यवस्थापन र अनुगमन गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको एक स्वास्थ्य सेवा समितिको गठन हुनेछ :

(क) गाउँपालिकाको स्वास्थ्यसम्बन्धी विषय हेर्ने सदस्य - संयोजक

(ख) कार्यपालिका सदस्यहरु मध्येबाट १ जना महिलासहित कार्यपालिकाले मनोनित गरेको २ जना - सदस्य

(ग) गाउँपालिकाको क्षेत्रभित्र कार्यरत स्वास्थ्य संस्थाहरु मध्ये कार्यपालिकाले छनौट गरेको स्वास्थ्य संस्थाको अध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य

(घ) गाउँपालिकाको क्षेत्रभित्र स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञहरु मध्येबाट कार्यपालिकाले छनौट गरेको १ जना - सदस्य

(ङ) स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट कार्यपालिकाले छनौट गरेको १ जना - सदस्य

(च) स्वास्थ्यशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरुको कार्यकाल छनौट गरेको गरेको मितिले ३ वर्षको हुनेछ र निजहरुलाई उक्त पदमा पून नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि कार्यपालिकाले उक्त पदवाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ पेश गर्ने अवसर प्रदान गरिनेछ ।

(४) स्वास्थ्य सेवा समितिले आवश्यकता अनुसार देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने सिफारिस कार्यपालिका समक्ष पेश गरी कार्यपालिकाको निर्णय अनुसार उक्त उपसमितिहरुको काम, कर्तव्य र अधिकार निर्धारण गर्न सक्नेछ :

(क) स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्था अनुगमन उपसमिति ।

(ख) स्वास्थ्य गुणस्तर अनुगमन उपसमिति ।

(ग) आपतकालिन स्वास्थ्य सेवा अनुगमन उपसमिति ।

**११. स्वास्थ्य सेवा समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) समितिको वैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ र आवश्याकता अनुसार समितिको संयोजकको निर्देशनमा सदस्य-सचिवले जुनसुकै समयमा बैठक बोलाउन सक्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा सँस्थालाई समितिको बैठकमा बिषेशज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिका संयोजक र सदस्यले पाउने सेवा सुविधा कार्यपालिकाले निर्णय गरी निर्धारण गरे वमोजिम हुनेछ ।

**१२. स्वास्थ्य सेवा समितिको काम, कर्तव्य र अधिकार :** (१) थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य विभिन्न कानूनमा उल्लेख गरिएका स्वास्थ्यसम्बन्धी काम, कर्तव्य र अधिकारका साथै गाउँपालिकाको स्वास्थ्य सेवा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिको क्षेत्र भित्रको आधारभूत, आकस्मिक र अन्य स्वास्थ्य सेवा विकास,





विस्तार र गुणस्तर सुनिश्चितताको योजना तर्जुमा गर्ने ।

(ख) कार्यपालिकालाई स्वास्थ्य सेवाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरुका बारेमा आवश्यक राय सुझाव र सल्लाह दिने ।

(ग) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समीक्षा गरी लिखित रुपमा पृष्ठपोषणसहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(घ) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनका लागी अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण र समायोजन सम्बन्धी विषयमा कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ङ) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूकालागी आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउने र सोको प्रभावकारी रुपमा परिचालन गर्ने गराउने ।

(च) गाउँपालिकाको क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरीय, मर्यादित, सर्वसुलभ, प्रभावकारी र व्यवस्थित बनाई स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(छ) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधिजन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यवस्थापन गर्ने गराउने ।

(ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायीहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा प्रचलित कानूनको अधिनमा रही सेवा शुल्क निर्धारण गर्न स्वीकृत दिने ।

(झ) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ञ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक, कर्मचारी, स्वास्थ्य स्वयम सेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौटसमिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने गरी कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ट) गाउँपालिका मातहत स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायतमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।

(ठ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरुलाई निर्देशन दिने र जागरुक तथा सचेत गराउने ।

(ड) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायीहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने र

स्वास्थ्य सम्बन्धी मापदण्ड विपरित स्वास्थ्य व्यावसाय सञ्चालन भएको पाइएमा त्यस्ता स्वास्थ्य व्यावसायीको दर्ता र व्यवसाय अनुमतिपत्र खारेज गर्न र आवश्यक कारवाही गर्नका लागि कार्यपालिका र सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(ढ) स्वास्थ्य सम्बन्धी कुनै प्राविधिक मापदण्डको पालना भए नभएको बारेमा अनुगमन गराउनका लागि दक्ष स्वास्थ्य सेवा निरिक्षकबाट अनुगमन गराई प्रतिवेदन तयार गर्न लगाउने ।

(ण) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवासयसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्डका लागि सिफारिस गर्ने गराउने ।

(त) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा गुनासाहरुको यथो चित रुपमा सम्वोधन गर्ने, गराउने ।

(थ)गाउँपालिकाको क्षेत्रमा रहेका स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक गरी नियमित रुपमा प्रकाशन गर्ने ।

(द) आमा समूह, धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाको सहयोगमा अनुगमन र नियमन गर्ने ।

(ध) गाउँपालिकाको क्षमता भन्दा बाहिरको स्वास्थ्य सेवा लिनु पर्ने विषयहरु पहिचान गरी नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नुपर्ने विषयहरुका बारेमा कार्यपालिका समक्ष राय सुझावहरु पेश गर्ने ।

(न) आफ्नो कार्य व्यवस्थित गर्नका लागि आवश्यक कार्यविधिहरु तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(प) गाउँपालिकाको स्वास्थ्य शाखाले गर्नुपर्ने कार्यहरुको निर्धारण गरी सम्बन्धित कर्मचार ीहरु मार्फत उक्त कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्ने गराउने ।

(२) स्वास्थ्य सेवा समितिको काम, कर्तव्य र अधिकारहरुका बारेमा कार्यपालिकाले समय समयमा समीक्षा गरी थप कार्य तथा जिम्मेवारीहरु प्रदान गर्न सक्नेछ ।

**१३. स्वास्थ्य शाखाको स्थापना :** (१) गाउँपालिकामा आधारभूत स्वास्थ्य तथा सरसफाइ विषयमा आवश्यक पर्ने कार्यहरु गर्नको लागि एक स्वास्थ्य शाखा रहने छ ।

(२) गाउँपालिकामा रहने स्वास्थ्य प्राविधिक मध्येबाट वरिष्ठता र कार्य सम्पादनका आधारमा कार्यपालिकाले तोकेकोएकजना स्वास्थ्य प्राविधिक स्वास्थ्य शाखा प्रमुखको





रुपमा रहनेछन् ।

(३) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना तर्जुमा गर्न सहजीकरण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

(ख) कार्यपालिका तथा गाउँसभाबाट पारित स्वास्थ्यसम्बन्धी नीति तथा कानून र योजना तथा कार्यक्रम कार्यान्वयन गर्न, गराउन क्रियाशिलरहने ।

(ग) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइसँग सेवासँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायीको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिकामा पेश गर्ने र आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरु समक्ष नियमित रुपमा पठाउने ।

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनकालागि श्रोतको पहिचान तथा संकलन गर्ने र उपलव्ध

स्रोत साधनको प्रभावकारी रुपमा परिचालन गरी कार्य सम्पादन गर्ने गराउने ।

(च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था पहिचान र सूचीकरण गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा

स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य यो जना वनाईस्वास्थ्य सेवा समिति समक्ष पेश गर्ने र स्विकृत पश्चात् कार्यान्वयन गर्ने गराउने ।

(छ) गाउँपालिकामा रहेका स्वास्थ्यकर्मी तथा स्वास्थ्य सम्बन्धी कर्मचारीहरुको पदस्थापन लगायत व्यवस्थापन गर्ने ।

(ज) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, स्वास्थ्य सेवा समिति तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी तथा तालिमको व्यवस्था गर्ने ।

(झ) गाउँपालिकाको स्वास्थ्य सेवा समितिको सचिवालयको रुपमा कार्य सम्पादन गने र्, गराउने ।

(ञ) स्वास्थ्य सेवासँग सम्बन्धीत तथा आफ्नो पदीय कार्य गर्दा कार्यपालिका, गाउँसभा एवं प्रमुखप्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने, गराउने ।

(ट) स्वास्थ्य सम्बन्धी अन्य नीति तथा कानूनमा गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखले गर्ने भनी तोकिएका कार्यहरु गर्ने गराउने ।

# परिच्छेद पाँच
## स्वास्थ्य संस्था स्थापना र सञ्चालनसम्बन्धी मापदण्ड

**१४. आधारभूत स्वास्थ्य केन्द्र :**दफा ३ मा उल्लिखित तथा जनस्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनमा उल्लिखित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँ पालिकाले प्रत्येक वडामा वा भौगोलिक अवस्था र जनसंख्याको अनुपातका आधारमा उपयुक्त स्थानमा कम्तिमा देहाय बमोजिमका पूर्वाधार सहितको स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्नु पर्नेछ :

(क) भवन : प्राथमिक उपचार कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, पूर्व प्रसुती तथा प्रसुती कक्ष, स्वास्थ्य शिक्षा कक्ष र प्रशासन कक्ष जस्ता अत्यावश्यक कक्ष सहितको भवन ।

(ख) जनशक्ति :नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारकोजनशक्ति र आवश्यकता अनुसार गाउँपालिकाको निर्णय बमोजिम थप गरिएको जनशक्ति ।

(ग) उपकरणः प्राथमिक उपचार सहित आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पने आधारभूत उपकरण ।

(घ) औषधी : आधारभूत स्वास्थ्य केन्द्रहरुमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा उपलब्ध गराइने औषधी तथा सामाग्री नियमित किसिमले निःशुल्क रुपमा उपलब्ध गराइनु पर्नेछ र सो बाहेक डाक्टर तथा स्वास्थ्यकर्मीहरुलाई प्रिस्काइब गर्न अनुमती भएका अत्यावश्यक औषधी तथा सामाग्री नियमित रुपमा उपलब्ध गराउनका लागि गाउँपालिकाले औषधी वितरण कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**१५. आधारभूत अस्पतालको स्थापना र सञ्चालन :** (१) गाउँपालिका आफैले जनस्वास्थ्य सेवासम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी आवश्यक पूर्वाधार सहितको १५ शैयासम्मको आधारभूत अस्पताल स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित आधारभूत अस्पताल सञ्चालनका लागि गाउँपालिकाले आधारभूत अस्पताल सञ्चालन कार्यविधि तर्जुमा गर्नेछ ।





**१६. निजी अस्पताल सञ्चालन अनुमति :** (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा गाउँपालिकाले १५ शैया सम्मको निजी अस्पताल सञ्चालन गर्न अनुमतिदिनसक्नेछ ।

(२) उपदफा (१) बमोजम अस्पताल सञ्चालन गर्न चाहने संस्थाले अनुमतिको लागि जनस्वास्थ्य सेवा नियमावली २०७७ मा तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्वास्थ सेवा समितिले आवश्यक छलफल तथा परामर्श गरी उक्त निवेदक संस्थाले प्रचलित कानून बमोजिमका मापदण्ड पुरा गर्न देखिएमा उक्त संस्था र गाउँपालिका बीच अस्पताल स्थापनाका लागि आसय-पत्र आदान प्रदान गर्न सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आसयपत्र आदान प्रदान भएको दुई बर्षभित्र निर्धारित मापदण्ड पुरा गरी अस्पताल स्थापना गरी सोको सञ्चालन र स्वास्थ्य व्यवसायको अनुमति माग गरी गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा गरेको देखिएमा उक्त निजी अस्पताल सञ्चालनको लागि अनुमति प्रदान गर्न सकिनेछ ।

(६) गाउँपालिकाको क्षेत्रभित्र स्थापना र संचालनमा रहेका सबै निजी स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सेवा समितिले नियमित रुपमा अनुगमन तथा नियमन गर्न सक्नेछ ।

**१७. निजी शिक्षण अस्पताल तथा अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :** (१) गाउँपालिकाको क्षेत्रमा नेपाल सरकार र प्रदेश सरकारको मापदण्ड अनुरुप निजीस्तरमा शिक्षण अस्पताल तथा स्वास्थ्य अध्ययन संस्थान, जनरल अस्पताल, विशिष्कृत अस्पताल, बाल अस्पताल, स्वास्थ्य सम्बन्धी विशेष केन्दहरु स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**१८. निजी अस्पतालमा हुनुपर्ने आवश्यक पूर्वाधार र जनशक्ति :** (१) यस पालिकाको क्षेत्रभित्र गाउँपालिकाको अनुमतिमा सञ्चालन हुने निजी अस्पतालहरुमा देहाय बमोजिमको पूर्वाधार र जनशक्ति भएको हुनु पर्नेछ :

(क) जनशक्ति : कम्तीमा २ जना एमबीबीएस डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व., ४ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी ।

(ख) भवन तथा कोठा : दर्ता चलानी, प्रशासन कक्ष, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, फार्मेसी र पार्किङ आदि सुविधा ।

(ग) उपकरण र पूर्वाधार : सडक सञ्जाल जोडिएको र सडक सुविधा भएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खाने पानी सेवाको आपूर्ति भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापन प्रणाली भएको ।

(२) उपदफा (१) मा निर्धारित मापदण्ड बाहेक आवश्यकता अनुसार गाउँपालिकाले थप मापदण्ड तोक्ने सक्नेछ ।

**१९. स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यावसाय गर्न इजाजत लिनुपर्नेः**(१)स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने कुनै पनि संस्था, सहकारी, गुठी, कम्पनी, फर्म, उद्योग आदिको रुपमा रहेका संस्थाहरु स्वास्थ्य सेवा सञ्चालन गर्ने उद्देश्य सहित सो सम्बन्धी सरकारी निकायमा प्रचलित कानून बमोजिम दर्ता भई संस्थाको रुपमा स्थापित भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका संस्थाहरुको आफ्नो संस्थाको विधि विधान तथा विनियम बमोजिम नियमित रुपमा सञ्चालित रहेको र सम्बन्धित सरकारी कार्यालयमा नवीकरण भई बैध रुपमा कायम रहेको हुनु पर्नेछ ।

(३) कसैले पनि गाउँपालिकाबाट इजाजतपत्र र व्यावसाय दर्ता प्रमाणपत्र नलिई गाउँपालिकाको क्षेत्रभित्र निजी, गैरसरकारी, सहकारी वा गैरनाफामूलक सामुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन पाइने छैन ।

(४) गाउँपालिकाको क्षेत्रभित्र उपदफा (३) बमोजिमको स्वास्थ्य संस्था सञ्चालन गर्न र स्वास्थ्य व्यावसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १० बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहितगाउँपालिका





समक्ष इजाजातपत्रका लागि निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर गाउँपालिकाको स्वास्थ्य सेवा समिति र स्वास्थ्य शाखाले आवश्यक जाँचवुझ गर्दा उक्त स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यबसाय सञ्चालनका लागि अनुमति दिनमनासिव तथा उपयुक्त देखिएमा जनस्वास्थ्य सेवासम्बन्धी प्रचलित कानून बमोजिमका सर्त बन्देजहरु पालना गर्ने गरी स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसञ्चालन गर्ने अनुमति प्रदान गर्नका लागि स्वास्थ्य सेवा समितिले कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ र सोही सिफारिसका आधारमा कार्यपालिकाले इजाजात दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम इजाजत लिई स्थापना गरिएका स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावसायीले निर्धारित सर्तबन्देजहरु पालन गरेको देखिएमा स्वास्थ्य सेवा समितिको सिफारिशमा कार्यपालिकाले उक्त स्वास्थ्य संस्था वा स्वास्थ्य व्यावसायीको वार्षिक व्यावसाय इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(७) गाउँपालिकाको क्षेत्रभित्र प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ ।

(८) उपदफा (७) बमोजिमका संस्था वा स्वास्थ्य व्यावसायीहरुले यो ऐन लागु भएको मितीले ३ (तीन) महिना भित्र आफ्नो व्यावसाय अनुमति पत्र नियमित गर्न/गराउनका लागि कार्यपालिका समक्ष संस्था बैधानिक रुपमा सञ्चालनमा रहेको पुष्टि हुने कागजातहरु सहित निवेदन पेश गर्नु पर्नेछ ।

(९) गाउँपालिकाले आफै स्वास्थ्य संस्था खोल्न आवश्यक ठानेमा गाउँपालिकाको स्वास्थ्य सेवा समितिको सिफारिसका आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(१०) गाउँपालिकाको स्वमित्वमा रहने बाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायीलाई सरकारीवा सार्वजनिक जग्गा र भवनमा स्वास्थ्य सेवा सञ्चालन गर्न पाउने गरी अनुमति दिइने छैन ।

**२०. पोलिक्लिनिक सञ्चालन अनुमतिः**(१) गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिकसञ्चालन गर्न चाहेमा यस....पालिकाबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पोलिक्लिनिक सञ्चालन गर्ने इजाजत लिनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई आवश्यक मापदण्डहरु पुरा गरेको हुनु पर्नेछ ।

**२१. फार्मेसी सञ्चालनअनुमति :**(१) गाउँपालिकाको क्षेत्र भित्र फार्मेसी सञ्चालन गर्न चाहने व्यक्ति वा फर्मले गाउँपालिकाबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फार्मेसीसञ्चालन गर्ने इजाजत लिनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई औषधी व्यवस्था बिभागबाट स्वीकृति लिने लगायतका आवश्यक मापदण्डहरु पुरा गरेको हुनु पर्नेछ ।

**२२. मेडिकल प्रयोगशाला सञ्चालन अनुमति :**कुनै व्यक्ति वा संस्थाले मेडिकल प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिका समक्ष निवेदन गरी स्वास्थ्य सेवा समितिको सिफारिसमा कार्यपालिकाबाट भएको निर्णय बमोजिम स्वीकृति लिनु पर्नेछ :

(क) संचालकको नागरिकताको प्रमाणपत्र र योग्यता सम्बन्धी विवरण ।

(ख) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौता पत्र ।

(ग) प्याथोलोजी विषयमामान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम १५ महिना अध्ययन गरी स्वास्थ्यव्यबसायी परिषदबाट लाइसेन्स प्राप्त गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(घ) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(ङ) ल्याबमा प्रयोगहुने न्यूनतम उपकरणहरुको विवरण ।

(च) प्रस्तावित लागत र सोको स्रोतको विवरणहरु ।

(छ) प्रयोगशालाबाट निष्काशन हुने फोहर व्यवस्थापन योजना ।

**२३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र :** (१) गाउँपालिका क्षेत्र भित्र जडिबुटीको उपयोग सम्बन्धी परम्परागत ज्ञान र प्राकृतिक चिकित्सा तथा योगा र ध्यान एवं पञ्चकर्ममा आधारित रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि गाउँपालिका आफैंले वा स्थानीय समुदाय वा सहकारी संस्थासँगको साझेदारीमा कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना र सञ्चालन गरिने आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसारको जनशक्ति, भवन र उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।





**२४. योग्यताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने :** आधारभूत स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल, पोलिक्लिनिक तथा फार्मेसी लगायतका कुनै पनि स्वास्थ्य संस्था, मेडिकल प्रयोगशाला, आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र आदिमा काम गर्ने स्वास्थ्यकर्मीहरुले प्रचलित कानून बमोजिमको शैक्षिक यौग्यता हासिल गरेको र सम्बन्धित परिषद्बाट अनुमत्रिपत्र (लाइसेन्स) प्राप्त गरेको हुनु पर्नेछ ।

**२५. सहुलियत तथा छुटदिनु पर्ने :**स्वास्थ्य संस्थाहरुलेकार्यपालिकाको सिफारिसमा कूल शैयाको कम्तीमा १० प्रतिशत शैया सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने भनी कार्यपालिकाले तोकेका विपन्न, जेष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायतका सेवाग्राहीहरुका लागिनिःशुल्क रुपमा उपलब्ध गराउने गरी छुट्याउनु पर्नेछ ।

**२६. स्वास्थ्य संस्था वा स्वास्थ्य व्यावसाय अनुमति पत्र रद्ध गर्न सक्ने :** (१) गाउँपालिकाबाट इजाजतपत्र र व्यावसाय अनुमतिपत्र लिई सञ्चालन गरिएका कुनै पनि नीजि, सामुदायिक, सहकारी, परोपकारी वा कल्याणकारी संस्थाले यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत वा प्रचलित कानून विपरित कुनै काम गरेको देखिएमा गाउँपालिकाको स्वास्थ्य सेवा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी व्यावसाय अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

तर त्यसरी व्यावसाय इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यावसाय इजाजत्रपत्र खारेज गरिएको विषयमा उक्त स्वास्थ्य संस्था वा स्वास्थ्य व्यावसायी दर्ता रहेको निकायमा पनि जानकारी गराउनु पर्नेछ ।

**२७. मापदण्ड पूरा नगरेमा सजाय हुने:**(१) स्वास्थ्य संस्था, फार्मेसी, क्लिनिक, प्रयोगशाला जस्ता स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको अवस्था देखिएमा स्वास्थ्य सेवा समितिले अनुगमन गरी सचेत गराउने, कार्यपालिकाबाट भएको निर्णय बमोजिमको जरिवाना गराउने तथा स्वीकृति व्यावसाय इजाजतपत्र खारेजीको लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(क) स्वास्थ्य सेवा सञ्चालनको इजाजत लिदा दिदा तोकिएकोमापदण्ड पुरा नगरी गलत वा झुट्ठा विवरण पेश गरी इजाजात लिए दिएको देखिएमा ।

(ख) इजाजत पत्रमा निर्धारित शर्त बन्देजहरु पालना नगरेमा वा उल्लंघन गरेका ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतकोपरीक्षणमा संलग्न भएको पाइएमा स्वास्थ्य सेवा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो प्रयोगशाला वन्द गराउने र सञ्चालकलाई कालोसूचीमाराख्ने कार्य गरी सचेतनाको लागि जनतालाई सोको बारेमा जानकारी गराउनु पर्नेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिकबाहेक अरुले औषधी बेचेको पाइएमा कार्यपालिकाको निर्णयबमोजिमको जरिवाना गर्ने र उक्त कार्य दोहोरिएमा व्यावसाय इजाजत्रपत्र खारेज गरी सम्बन्धित निकायमा उक्त स्वास्थ्य संस्थाको दर्ता खारेज गर्न सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद छ
## स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयं सेवा व्यवस्थापन

**२८. स्वास्थ्यकर्मीको व्यवस्थापनः**(१) गाउँपालिका क्षेत्रभित्रका आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाय बमोजिमका स्वास्थ्यकर्मीहरु रहनेछन्:

(क) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मी ।

(ख) करारमा रहेको स्वास्थ्यकर्मी : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मी ।

(ग) अभ्यासकर्ता : स्थानीय स्तरमा रहेका स्वास्थ्यसम्बन्धी अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु र गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरु मध्ये गाउँपालिकाले अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा भर्ना गरेको अभ्यासकर्ता स्वास्थ्यकर्मी ।

(घ) स्वास्थ्य अभियानकर्ता र स्वास्थ्य स्वयम सेविका ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका स्वास्थ्य अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि मात्र भर्ना गर्न सकिनेछ ।





**२९. घरमा आधारित स्वास्थ्य सेवासम्बन्धी व्यवस्था :** (१) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउनका लागि गाउँपालिकाले स्वास्थ्य अभियानकर्ता तथा स्वास्थ्य स्वयम सेविकाको परिचालन गर्न देहाय बमोजिमको योग्यता पुगेका पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयम सेविकाहरु नियुक्त गर्न सक्नेछ :

(क)२१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

(ख) न्यूनतम शैक्षिकयोग्यता एसईई वा सो सरह उत्रीण गरेको ।

(ग) सम्वन्धित वडामा बसोवास गर्दै आएको ।

(२) घरमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक वडामा ३ देखि ९ जनासम्म पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयम सेविकाहरु व्यवस्था गर्न सक्नेछ र यसका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरु परिचालन गर्न प्राथमिकता दिइने छ ।

(३) प्रत्येक महिला स्वयम सेविका र स्वास्थ्य अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी नेपाल सरकारको घरमा आधारित स्वास्थ्य सेवासम्बन्धी मापदण्ड र कार्यविधि २०७६ मा निर्धारण गरिए बमोजिमको तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(४) गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार महिला स्वयम सेविका र स्वास्थ्य अभियानकर्ताहरुलाई आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नु पर्नेछ ।

(५) यो ऐन लागु हुनुपूर्व कार्यरत महिला स्वयम सेविकाहरु मध्ये उमेर र स्वास्थ्य अवस्था समेतको आधारमा सेवावाट अलग हुन निवेदन दिएमा सेवा अवधिका अधारमा कार्यपालिकाको निर्णय अनुसारको प्रोत्साहन भत्ता सहित सेवाबाट अवकास दिन सकिनेछ । तर लाभको पदमा रही महिला स्वयम सेविकाको रुपमा काम गरेको भए यस्तो प्रोत्साहन भत्ता पाइने छैन ।

**३०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति :** (१) गाउँपालिकाको स्वामित्वमा रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु समेत रहनेछन् ।

(३) रिक्त दरबन्दी रहेको अवस्थामा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(४) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नँपर्ने भएमा सो प्रयोजनका लागि देहाय वमोजिमको छनौट समिति गठन भई सोही छनौट समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट छनौट गरिनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(५) उपदफा (४) बमोजिम गठित छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३१. स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) सामान्य अवस्थामा स्वास्थ्यकर्मीका सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(ख) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा ।

(ग) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम ।

(घ) अभियानकर्ता/स्वयम सेविका : पोसाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक र अन्य प्रोत्साहन भत्ता, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक, दशैं खर्च जस्ता सुविधाहरु ।

(२) कुनै स्वास्थ्यकर्मीलाई स्वास्थ्य संकटकाल तथा अन्य कुनै कारणले अतिरिक्त समय काममा खटाउँदा कार्यपालिकाको निर्णय अनुसार थप सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, स्वास्थ्य कर्मचारी र स्वयम से वकहरूलाई प्रचलित कानून बमोजिम दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन ।





**३२. स्वास्थ्य कर्मचारीको सरुवा :** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले विशेष परि स्थिति बाहेक न्यूनतम एउटै स्वास्थ्य संस्थामा ३ वर्ष कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा सरुवा गर्न उपयुक्त र आवश्यक देखिएमा पालिकाको स्वास्थ्य शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

द्रष्टव्य : विशेष अवस्था भन्नाले निज सो स्वास्थ्य संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या परेको, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेतलाई जनाउँछ ।

(४) स्थायी वाहेकका स्वास्थ्यकर्मीको हकमा कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

**३३. कार्य सम्पादन करार सम्झौता गर्नँपर्ने :** (१)स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनगाउँपालिकाको प्रमुख/अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र स्वास्थ्य संस्थाका प्रमुखले कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नँपर्ने छ ।

(२) उपदफा (१) बमोजिम गरिने कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ ।

(३) सम्झौताअनुसार काम भए नभएको बारेमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा मूल्याङ्कन गरी सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नं पर्नेछ ।

(४) वार्षिक कार्यसम्पादन करार अनुसार कार्य सम्पन्न भएको कुरा मापनका लागि स्वास्थ्य सेवा समितिले सूचकहरु निर्धारण गर्नुपर्नेछ र सोही सूचकका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कार्यसम्पादन मूल्यांकन गर्नु पर्नेछ ।

(५) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई कार्यपालिकाको निर्णय अनुसार पुरस्कृत गर्नु पर्नेछ ।।

## परिच्छेद सात
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र विक्री वितरण

**३४. वार्षिक खरिद योजना बनाउनु पर्नेः**गाउँपालिकाले स्वास्थ्य शाखाको सहयोग र समन्वयमा आ<sup></sup>नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**३५. औषधी तथा स्वास्थ्य उपकरण खरिद :**(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाको स्वास्थ्य शाखाले आवश्यक प्रक्रिया अघि बढाउनु पर्नेछ ।
(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यका लागि सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून र गाउँपालिकाको खरिदसम्बन्धी कानूनमा गरिएका प्रक्रियाहरु अवलम्बन गर्नं पर्नेछ ।
(३) वडा समितिले गरेको मागको परिमाणलाई समेत मध्यनजर गर्दै औषधी तथा स्वास्थ्य उपकरणको खरिद परिमाण निर्धारण गर्नंपर्नेछ ।
(४) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नं पर्नेछ ।

**३६. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**(१) गाउँपालिकाको स्वास्थ्य शाखाले खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।
(२) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कूल परिमाण र मूल्य खरिद गरेको मितिले १ हप्ताभित्र सार्वजनिक गर्नं पर्नेछ ।
(३) ……पालिका मातहतका सरकारी तथा सामुदायिक संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको स्वास्थ्य उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गरी उक्त विवरण सम्वन्धित वडा कार्यालय मार्फत गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।





## परिच्छेद आठ
## स्वास्थ्य सेवाका लागि कोष, न्यूनतम मूल्य तथा गुणस्तर र सामाजिक सेवा

**३७. स्वास्थ्य सेवा कोष :**(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एक स्वास्थ्य सेवा कोष स्थापना गर्न सकिने छ ।
(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :
(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) गाउँपालिकाबाट विवियोजितरकम,
(घ) नीजि स्वास्थ्य संस्थाबाट प्राप्त रकम,
(ङ) चन्दावा दान दातव्यबाटबाट प्राप्त रकम,
(च) अन्य स्रोतबाट प्राप्त रकम ।
(३) कोषको लेखा परीक्षण गाउँपालिकाले गर्नु पर्नेछ ।
(४) स्वास्थ्य सेवा कोषको सञ्चालनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्नेछ ।
(५) स्वास्थ सेवालाई सहज, सुलभ, भरपर्दो र सेवाग्राहीमैत्री बनाउनको लागि प्रत्येक स्वास्थ्य संस्थाहरुले पनि स्वास्थ्य सेवा कोषको स्थापना गर्नुपर्नेछ ।
(६) उपदफा (५) बमोजिम स्थापना गरेको कोषबाट स्वास्थ्य संस्थाले सामाजिक सेवा प्रदान गर्नुपर्ने व्यक्ति तथा समुदायलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछन् ।

**३८. शुल्क सम्वन्धी व्यवस्था :**(१) नेपाल सरकारले घोषणा गरेको निःशुल्क आधारभुत स्वास्थ्य सेवामा गाउँपालिका मातहतका कुनै पनि आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत अस्पताल र सामुदायिक स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले आफ्नो इच्छाले स्वास्थ्य संस्थालाई दान, उपहार, चन्दा वा सहयोग दिन सक्नेछ र यसरी प्राप्त स्रोतको स्पष्ट अभिलेख राख्नु पर्नेछ ।

(३) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकौ कुरा लेखिको भएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नकालागि तोकिएका आधारभूत स्वास्थ्य सेवा वाहेकका अन्य सेवा दिनको लागि गाउँपालिका मातहतको स्वास्थ्य संस्थाले आफ्नो पहलमा थप सेवा प्रदान गर्दा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनकालागि कार्यपालिकाको निर्णय अनुसार आवश्यक शुल्क निर्धारण गरी लार्गु गर्न गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा बाहेकका अन्य स्वास्थ्य सेवा प्रदान गर्ने अन्य स्वास्थ्य संस्थामासेवा र गुणस्तरको आधारमा स्वास्थ्य सेवा शुल्क निर्धारण गरी गाउँपालिकाको कार्यपालिकाबाट स्विकृत गराई लागु गर्न सकिनेछ ।

(६) स्वास्थ्य संस्थाले विरामी तथा सेवाग्रहीसँग लिने स्वास्थ्य सेवाको शुल्क उपलब्ध गराएको सुविधाको आधारमा पालिकाको कार्यपालकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा पच्चिस हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा कार्यपालिकाले प्रत्येक पटक दोब्बर जरिवाना गर्नसक्नेछ ।

**३९. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः** (१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य रगुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बकोजिम निर्धारित गुणस्तर रमूल्य लागु भए नभएको बारेमा स्वास्थ्य सेवा समितिले अनुगमन गरी सो अनुरुप कार्य गर्न गराउन निर्देशन दिन सक्नेछ ।

**४०. नीजि स्वास्थ्य संस्थाले निःशुल्क उपचारको व्यवस्था व्यवस्था गर्नुपर्ने :**(१) नीजि स्वास्थ्य संस्था (नीजि लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र,अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) हरूले आफूले प्रदान गर्ने कुल स्वास्थ्य सेवामा कम्तीमा १०प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, ग्रमीण महिला,दलित, सिमान्तकृत आदिवासी जनजाति र अल्पसंख्यकहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ र सोको विवरण मासिका रुपमा गाउँपालिकाको





स्वास्थ्य शाखा समक्ष उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्नका लागि गाउँपालिकाको स्वास्थ्य सेवा समितिले आधार सहित सिफारीस गर्न सक्नेछ र उक्त सिफरिस अनुसार प्राथमिकता दिई स्वास्थ्य सेवा दिनु सम्वन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम गाउँपालिकामा पेश भएको विवरणमा सेवा पाउनु पर्ने वर्ग तथा समुदायका नाममा अरुले सेवा लिएको देखिएमा पुनरावलोकन गर्न स्वास्थ्य सेवा समितिले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्नेछ र उक्त निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**४१. स्वास्थ्य संस्थाको सम्पत्तिः**(१) गाउँपालिकाको स्वमित्वमा रहेको वा स्वामित्वमा आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्तिगाउँपालिकाको सम्पत्ति हुनेछ ।

(२) गाउँपालिकाको प्रयोगमा आउने बाहेक स्वास्थ्य संस्थाको कुनै सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी रकम प्राप्त भएको अवस्थामा उक्त रकम गाउँपालिकाको स्वास्थ्य सेवा कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ ।

(४) कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) नीजिस्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ति वा निजी संस्थाको स्वमित्वमा रहनेछ ।

(६) नीजिस्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि कार्यपालिकाको पूर्वस्वीकृति लिनु पर्नेछ ।

तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारीसमा नेपाल सरकारवाट पूर्वस्वीकृति लिनु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाले नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति कार्यपालिकाको स्वीकृति बेगर बेचविखन तथा स्वास्थ्य सेवा बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

**४२. छुट र सुविधा :**(१)सामुदायिक, सहकारी र सार्वजनिक गुठीको रुपमासञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दारजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।
(२) सरकारी, सामुदायिक, सहकारी र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई कार्यपालिकाले निर्णय गरी विभिन्न छुट तथा सुविधाहरु प्रदान गर्न सक्नेछ ।

**४३. स्वास्थ्य सम्बन्धी सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :** (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।
(२) गाउँपालिकाले आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।
(३) सामाजिक सुरक्षा सम्बन्धी कानून बमोजिमका नेपाल सरकार र प्रदेश सरकारले गाउँपालिकालाई उपलब्ध गराएका स्वास्थ्यसम्बन्धी सेवा सुविधाहरु आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी वा आधारभूत अस्पताल मार्फत प्रवाह गरिनेछ ।

## परिच्छेद नौ
## फोहरमैला व्यवस्थापन र महामारी तथा प्रकोप रोकथाम

**४४. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने:**(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सम्बन्धित नागरिक वा निजका नातेदारदे सो को जानकारी २४ घण्टाभित्र नजिकको आधारभूत स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी वा सामुदायिक स्वास्थ्य संस्था वा स्वयमसेविका समक्ष जानकारी गराउनु पर्नेछ ।
(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को ५ दिनभित्र नजिकको कुनै स्वास्थ्य केन्द्र वा महिला स्वास्थ्य स्वयम सेविकालाई जानकारी गराउनु पर्नेछ ।
(३) जानकारी गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा कार्यालय र गाउँपालिकाको स्वास्थ्य शाखामा रहने स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।





**४५. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने:**(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोबाट प्रभावित क्षेत्र निर्क्यौल गरी सेवा केन्द्रहरु र विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमण गर्न वा प्रभावित क्षेत्रमा जानमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।
(२) महामारीको परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र नेपाल सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा स्रोत साधन परिचालन गर्नु पर्नेछ ।
(३) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार र प्रदेश सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य, समन्वय र साझेदारी गर्न सकिनेछ ।

**४६. मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:**(१) मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमतिपत्र लिनु पर्नेछ ।
(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा मदिरा तथा जन्यसुर्ती पदार्थ विक्री बितरण गर्न बन्देज लगाइनेछ ।
(३) मदिरा तथा सुर्तीजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्नसकिनेछ ।
(४) विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्रहरु, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी मदिरापान र  धुम्रपान निषेध गरिनेछ ।
(५) खाद्य पदार्थसँगै मदिरा तथा सुर्तिजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा मदिरा सेवन र धुम्रपान गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गरी कार्यपालिकाबाट तोकिएको रकम बराबरको दण्ड जरीवाना गरिनेछ ।

**४७. सरसफाइ सम्वन्धि कार्यक्रम तथा फोहर मैला व्यवस्थापन:**(१) गाउँपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र वडास्तरमा

रहेका स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सबै घर परिवारमा बितरण गर्नु पर्नेछ ।
(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।
(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परि वारमा हानी नोक्सानीपर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।
(५) गाउँपालिकाको विभन्न क्षेत्रमा निश्कासित फोहरमैला पूनः प्रयोग गरी कम्पोष्ट मल बनाइएकोअवस्थामा गाउँपालिकाले प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्न सक्नेछ ।
(६) प्रत्येक स्वास्थ्य सस्थाले नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम जो खिम रहित र जोखिमयुक्त स्वास्थ्यजन्य फोहोरहरुलाई छुट्टयाई व्यवस्थापन गर्नँ पर्नेछ ।
(७) आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएका स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन गर्नँ सम्बन्धित स्वास्थ्य संस्थाकै दायित्व हुनेछ ।

**४८. आपतकालिन स्वास्थ्य सेवाको व्यवस्थापन :** (१) संक्रमक रोगको महामारी, कीट, सुक्ष्म जीवाणु आतङ्क, आकस्मिक वा अप्रत्यासित कारणबाट विपदको अवस्था सृजना भएमा गाउँपालिकाले आवश्यक आदेश जारी गरी जनस्वास्थ्य विपद अवस्था घोषणा गर्न सक्नेछ ।
(२) उपनियम (१) बमोजिम जनस्वास्थ्य विपद अवस्था घोषणा भएमा गाउँपालिकाले जुनसुकै बखत गैरसरकारी, निजी, सहकारी, गैरनाफामूलक सामुदायिक शिक्षण अस्पताल वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा त्यस्तो स्वास्थ्य संस्था नियन्त्रणमा लिई सञ्चालन गर्न वा गराउन सक्नेछ ।
(३) उपनियम (२) बमोजिम कुनै स्वास्थ्य संस्थालाई नियन्त्रणमा लिएकोमा त्यस्तो स्वास्थ्य संस्थाको सञ्चालन गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(४) यस दफा बमोजिम आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन गर्न वा जनस्वास्थ्य विपदको अवस्थामा गाउँपालिकाले कुनै पनि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसारको स्वास्थ्य संस्था वा क्षेत्रमा खटाउन सक्नेछ ।
(५)गाउँपालिकाले जनस्वास्थ्य विपत अवस्था घोषणा गरेकोमा गाउँपालिकामा उपलब्ध स्वास्थ्यकर्मी नपुग भएमा गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँग थप स्वास्थ्यकर्मी माग गर्न सक्नेछ ।





**४९. सरसफाइ स्वच्छताका लागि अनुगमन तथा नियमनः** (१) स्वस्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं विभिन्न किसिमका प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य सेवा समितिले आवश्यक व्यवस्था मिलाउने छ ।
(२) गाउँपालिकामा रहेको स्वास्थ्य सेवा समितिले विभिन्न किसिमका प्रदुषण बढाउने उद्योग, कम्पनी, संस्था वा व्यक्तिलाई प्रदुषण नियन्त्रणका लागि सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्न सक्ने छ ।
(३) उपदफा (२) बमोजिमको सिफारिसका आधारमा कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद दश
## विविध

**५०. सुरक्षित क्षेत्रकोरुपमा कायम गर्नुपर्नेः**(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथाकुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्यहनेछ ।
(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले नेपाल सरकारले निर्धारण गरेको मापदण्डहरुको पालना गर्नु पर्नेछ ।
(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभावएवं दुर्व्यवहार गर्ने कार्य दण्डनीय हुनेछ र भेदभाव वा दुर्व्यवहार भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।
(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गो पनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुर्नेछ ।
(५) स्वास्थ्य सेवा तथा उपचार गर्दा व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**५१. दण्ड र सजाय:**(१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्यसेवाव्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य सेवा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी नोक्सानी बराबरको बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाईकसुरको मात्रा हेरी प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको सजाय हुनेछ :

(क) स्वास्थ्य उपचार सेवासँग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा ।

(ख) स्वास्थ्य परीक्षण, उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा ।

(ग) स्वास्थ्यउपचारका क्रममा बदनियत राखी दु:ख दिएमा र अमर्यादित कार्य गरेमा ।

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) आधारभूत जनस्वास्थ्य सेवाका सन्दर्भमा गरिने सजाय सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**५२. नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्यसम्बन्धी अभियानमा सहकार्य गने** :स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्ड पूरा गर्न नेपाल सर कार तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई सहयोग पुऱ्याउनका लागि गाउँपालिकाको स्वास्थ्य शाखाले समन्वय गर्नेछ ।

**५३. आधारभूत जनस्वास्थ्य सेवाका लागि समन्वय, सहकार्य र साझेदारी :**गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्यसरकारी निकाय, निजी स्वास्थ्य व्यवसायी, सहकारी, सामुदायिक, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग समन्वय, सहकार्य तथा साझेदारीगर्न सक्ने छ र यिनीहरुबाट औषधि, उपकरण र विशे षज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**५४. आधारभूत जनस्वास्थ्य सेवासम्बन्धी योजना तर्जुमा र कार्यान्वयन :** (१) स्थानीय सर कार सञ्चालन ऐन २०७४ मा गाउँपालिकाका लागि निर्धारण गरिएका स्वास्थ्य सम्बन्धी अधिकार, भूमिका र दायित्वहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले





स्वास्थ्य सेवा समिति र स्वास्थ्य शाखाको परिचालन गरी वार्षिक तथा अन्य आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तर्जुमा गरिएको स्वास्थ्य सम्बन्धी योजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासँग आवश्यक सहयोग लिन सकिनेछ ।

**५५. प्रगति विवरण पेश गर्नुपर्ने :**(१) गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले कार्यपालिका समक्ष मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेशगर्नु पने छ ।

(२) नीजि स्वामित्वका स्वास्थ्य संस्थाले कार्यपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) (२) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि कार्यपालिका तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा स्वास्थ्य सेवासम्बन्धी आवश्यक विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

**५६. स्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धान :**गाउँपालिकामा स्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी स्वास्थ्य सेवाको विकासमा टेवा पुऱ्याउने योजना तर्जँमा गर्न सकिनेछ ।

**५७. पुरस्कारसम्बन्धी व्यवस्था :** आधारभूत जनस्वास्थ्य सेवा व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा स्वास्थ्य संस्थालाई गाउँपालिकाले आवश्यक पुरस्कार को व्यवस्था गर्न सक्नेछ ।

**५८. अधिकार प्रत्यायोजन :**गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्ष वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५९.नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :** (१) यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निदे शिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

(२) यस ऐनमा तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम

नियमावली तर्जुमा नभएसम्म कार्यपालिकाले निर्णय गरी ऐनमा भएका व्यवस्था कार्यान्वयन गर्नसक्नेछ ।

(३) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउनका लागि आवश्यक निर्णय गर्नसक्नेछ ।

**६०. बचाउ तथा खारेजी :**(१) यसअघि गाउँपालिकाबाट स्वास्थ्यका विषयमा भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

(२) यो ऐनमा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

प्रमाणीकरण मिति :

आज्ञाले
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत





ऐरावती गाउँपालिका

# स्थानीय राजपत्र

ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) बरौला, प्यूठान फागुन २९ गते, २०७८ साल (संख्या ४

भाग २
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बरौला, प्यूठान

ऐरावती गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित नीति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ऐरावती गाउँपालिकाको बालबालिका सम्वन्धी नीति, २०७८

### परिच्छेद १
### पृष्ठभूमि, परिचय तथा बर्तमान स्थिति र औचित्य

**१.१ पृष्ठभूमि :**

बर्तमानमा विशेष स्याहार तथा संरक्षणको आवश्यकता भएका र भविश्यका सम्भावना बोकेका मानवहरु नै बालबालिका हुन । बालबालिकालाई बर्तमानका साझेदार र भविश्यका कर्णधार पनि मानिन्छ । बाल्य अवस्थामा उचित पालनपोषण, संरक्षण, ब्यक्तित्व बिकास लगायत बाल अधिकारको पूर्ण उपयोग गर्ने वातावरणको सृजना गर्न सकेमा भविश्यमा देशले उचीत नेतृत्व पाउन सक्छ । बालबालिकाले आफ्नो हित वा

अहितका बारेमा फरक छुट्याउन नसक्ने हुंदा यसको नाजायज फाइदा लिई बालबालिका प्रति धेरै प्रकारका शोषण तथा दुरव्यवहार हुन सक्छन । बालबालिकाको पालनपोषण तथा उचित स्याहार सहित संरक्षणको पहिलो दायित्व आमा बाबु वा संरक्षकको हो भने समग्र बाल अधिकारको संरक्षण र प्रवर्द्धन गरी योग्य नागरिक बनाउनु राज्य लगायत हामी सबै सरोकारवालाहरुको दायित्व हो ।

संयुक्त राष्ट्रसंघबाट जारी गरिएको बाल अधिकार महासन्धी १९८९ ले बाल अधिकारका चार प्रमुख विषयहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई सम्वर्द्धन गर्न हरेक पक्ष राज्यलाई दायित्व बोध गराएको छ । नेपाल सरकारबाट सन १९९० सेप्टेम्वर १४ मा बाल अधिकार महासन्धी अनुमोदन गरी बाल अधिकार प्रवर्द्धनको विषयमा प्रतिवद्धता जाहेर गरे अनुरुप बालबालिका सम्बन्धी ऐन २०७५ बनाई लाागु गरेको छ । त्यसैगरी बालबालिकाको बेचबिखन, बाल बेश्याबृत्ति र बाल अश्लिल चित्रण बिरुद्ध बाल अधिकार महासन्धीको ऐच्छिक प्रोटोकल सन २००० लाई नेपालले सन २००६ मा अनुमोदन गरी बालबालिकालाई सो कार्यमा नलगाउने प्रतिवद्धता गरेको र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नता बिरुद्ध व्यवस्था भएको बाल अधिकार महासन्धीको ऐच्छिक प्रोटोकल सन २००० लाई सन २००७ मा अनुमोदन गरी कार्यन्वयन गर्ने दायित्व लिएको छ । यसका साथै निकृष्ट प्रकारका बाल श्रम उन्मुलन सम्बन्धी आइ.एल.ओ.महासन्धी सन १९९९ लाई समेत अनुमोदन गरी कार्यान्वयनको दायित्व ग्रहण गरेको छ ।

नेपालको संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल संरक्षण, विकास र सहभागिताका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ । नेपालको संविधानले बालबालिकाको पहिँचान, निशुल्क शिक्षा, आधारभुत स्वास्थ्य, उचित पालनपोषण, सामाजिक सुरक्षा, मानसिक, शारीरिक वा कुनै पनि किसिमको शोषण बिरुद्धको हकको व्यवस्था गरी बाल अधिकार सुनिश्चित गरेको छ । बालबालिका सम्वन्धी ऐन २०७५ र नियमावली २०७६, बालबालिका सम्वन्धी र ाष्ट्रिय नीति २०६९ तथा बालश्रम (निषेध र नियमन गर्ने) ऐन २०५६ र नियमावली २०६२ निर्माण भई कार्यान्वयन गरिएको छ । सडक बालबालिका उद्धार, व्यवस्थापन र संरक्षण सम्वन्धी एकिकृत कार्यविधि २०७६ र बालगृह संचालन कार्यबिधि २०७५ कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी बाल बिबाह बिरुद्धको रणनीति २०७२ र बाल बिबाह बिरुद्ध कार्यक्रम संचालन खर्च कार्यबिधि २०७५ निर्माण भई लागु गरिएकोले





यसलाई स्थानीयकरण गर्न आबश्यक छ ।

ऐरावती गाउँपालिकाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि लागु भएका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिवद्धताहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन स्थानीय परिवेश र आबश्यकता सम्बोधन हुनेगरी बालबालिका सम्बन्धी स्थानीय नीति बनाई लागु गरेको छ ।

## १.२ ऐरावती गाउँपालिकाको परिचय :

प्यूठान जिल्लाको नौ वटा स्थानीय तहहरु मध्ये ऐरावती गाउँपालिका जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्ला, पश्चिममा सरुमारानी र माण्डवी गाउँपालिका, उत्तरमा मल्लरानी र माण्डबी गाउँपलिका र दक्षिणमा सरुमारानी गाउँपालिका र अर्घाखाँची जिल्लासंग सिमान जोडीएको छ । प्रशासनिक तथा संरचनागत हिसाबले ६ वटा वडामा बिभाजित यस गाउँपालिकामा केही सुगम वडा तथा बस्तीहरु रहेको र अधिकांस वडा दुर्गम एबं बिकट बस्तीहरुले समेटीएको छ ।

यो गाउँपालिकाको कूल क्षेत्रफल १५६.७५ बर्ग कि.मी. भएपनि ६२.८१ प्रतिशत जमिन बनजंगलले ओगटेको छ । समुन्द्र सतहबाट ३७८ मिटर देखि १६८८ मिटर सम्म्को उचाईमा अवस्थित छ । प्राकृतिक सम्पदाको हिसावले कृषिको लागि उर्वर माटो हुनुका साथै जलाधार भएको गाउँपालिका हो । यहाँको खाद्यान्न तथा प्रमुख अन्नवाली धान, गहु, मकै, कोदो, मास, रहर फापर आदि हन् । त्यसैगरी धार्मिक तथा ऐतिहासिक महत्वका सम्पदाहरुमा बिजुलीकोट, ऐरावती लगायतका मठ मन्दीरहरु रहेका छन् ।

ऐरावती गाउँपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना. २०६८ अनुसार यस गाउँपालिकामा ४६५० घरधुरी र २२३९२ जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या १२७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९६६५ (४३.१६ प्रतिशत) रहेको छ । जातजातिगत हिसावले हेर्दा मगर जतीको बाहुल्यता रहेको यस गाउँपालिकामा बि.स. २०६८ को जनगणना अनुसार मगर जातीको संख्या ३५.२० प्रतिशत, क्षेत्री २१.२३, दलित १९.४८ प्रतिशत, अन्य जनजाती १०.०५ प्रतिशत, ब्राह्मण ९.६२ प्रतिशत, ठकुरी २.१६ प्रतिशत र अन्य जाती २.२४ प्रतिशत छन् । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको संख्या ५०९ (२.२७ प्रतिशत) जना रहेको छ । यस गाउँपालिकाको जनघनत्व १४३ रहेको छ । गाउँपालिकामा प्रति परिवारको औसत

आकार ४.८२ जना सदस्य रहेको छ भने लैङ्गिक अनुपात ७५.९४ र जनसंख्या वृद्धिदर १.६८ रहेको पाइन्छ । उमेर समूहको आधारमा १९ बर्ष सम्मको बालबालिकाको संख्या ५४.१४ प्रतिशत अर्थात १२१२२ जना रहेको पाइन्छ ।

## १. ३. बालबालिकाको बर्तमान स्थिति :

ऐरावती गाउँपालिकामा कूल जनसंख्याको अनुपातमा उमेर समूहका हिसावले १९ बर्ष मूनिका बालबालिकाको संख्या ५४.१४ प्रतिशत रहेको छ । भबिश्यको सम्भावना बोकेका गाउँपालिकाको जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेकोले पनि गाउँपालिकाले बर्तमानमा सबै प्रकारका बालबालिकाहरुलाई बाल अधिकारको पुर्ण उपयोग गर्न सक्ने बातावरणको सृजना गरी बालमैत्री स्थानीय साशन ब्यबस्था अवलम्वन गर्न आबश्यक छ ।

ऐरावती गाउँपालिकामा शैक्षिक बिकासको अवस्था हेर्दा गाउँपालिकामा जम्मा ४४ वटा शिक्षण संस्थाहरु रहेकोमा मा.बि., ५ वटा नि.मा.बि. र प्रा.बि. ३३ वटा छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको ६ बर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ७१.१५ प्रतिशत छ । महिला पुरुषको शैक्षिक अवस्था हेर्दा पुरुषको साक्षरता दर ८२.२६ र महिलाको साक्षरता दर ६३.१५ प्रतिशत रहेको पाइन्छ । यस गाउँपालिकामा सहज रुपमा मा.बि. तहसम्मको शिक्षा हासिल गर्न सक्ने ब्यबस्था भएपनि गरिवी तथा सामाजिक पछौटेपनाका कारण अझैपनि सबै जातजाती, लिंग, बर्ग समुदायका बालबालिकाहरुले समान रुपमा बिद्यालय भर्ना हुन तथा उच्च शिक्षा हासिल गर्न नसकेको र बिचैमा बिद्यालय छोड्ने प्रबृत्ति अझैपनि कम हुन नसकेको देखिन्छ

बाल विवाह सम्बन्धमा कानुनले २० वर्ष उमेर निर्धारण गरेता पनि यस गाउँपालिकामा बाल विवाहको अवस्था भयावह र चुनौतीपुर्ण मानिन्छ। राष्ट्रिय जनसांखिक तथा स्वास्थ्य सर्बेक्षण २०११ अनुसार १५ देखि १९ बर्षका किशोरीहरुको बाल बिबाह १७ प्रतिशत रहेको अर्थात तुलनात्मक रुपमा बढ्दो क्रममा रहेको देखिन्छ । त्यसैगरी प्लान नेपाल लगायत अन्य संस्थाहरुले सन २०१२ मा गरेको सर्बेक्षणको अध्ययन प्रतिबेदन अनुसार किशोरीहरुको बाल बिबाह २६.७ प्रतिशत र किशोरहरुको बाल बिबाह ५.८ प्रतिशत रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार उमेर समूहका आधारमा बाल बिबाहको आकडा हेर्दा १० बर्षको उमेर सम्मा १.३१ प्रतिशत, १० देखि १४ बर्षको उमेर समूहमा ९.९५ प्रतिशत र १५ देखि १९ बर्षको उमेर समूहमा ५५.१५ प्रतिशत बबाल बिबाह भएको देखिन्छ। यस गाउँपालिकामा स्वास्थ्य संस्थाको रेकर्ड हेर्दा




पनि १५ देखि १९ बर्ष उमेर समूहका किशोरी गर्भवती सेवा लिन आएको रेकर्डले बाल विवाहको अवस्था अत्यन्त भयावह छ भन्ने जनाउछ ।

बाल श्रमको विषयमा गाउँपालिकामा अद्यावधिक तथ्यांक नभएपनि जोखिम उच्च रहेको कुरामा गाउँपालिका जानकार छ । त्यसैगरी जिल्लामा कूल आत्महत्या मध्ये १८ वर्ष मुनिका बालबालिकाहरुको आत्महत्यादर अत्यधिक छ, जस मध्ये ऐरावती गाउँपालिका पनि अछुत छैन । त्यसैगरी बाल हिंसा तथा बाल यौन दुरव्यवहार, बालक र बालिका वीचको लैंगिक बिभेद, परित्याग, अपहेलना जस्ता बिभेदजन्य प्रथा र गलत अभ्यासहरुले प्रश्रय पाउदा सबै बालबालिकाले पुर्ण रुपले बाल अधिकार उपयोग गर्नबाट बञ्चित छन ।

ऐरावती गाउँपालिकाको पछौटे सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलीक बिकटता जस्ता विभिन्न अवरोध तथा समस्याले गर्दा अधिकांस बालबालिकाले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक स्नेह र हेरचाह तथा संरक्षणको अवसरबाट बञ्चित भएका छन् । त्यसैगरी पारिवारिक बिखण्डन, घरेलु हिंसा, बालश्रम, बाल विवाह, दुर्गम बस्तीमा शिक्षाको सहज पहुँच नहुदा बिचैमा बिद्यालय छोड्नु पर्ने अवस्था, उच्च शिक्षा हासिल गर्न नपाउनु लगायत लैंगिक विभेद, दुरव्यवहार, कार्यबोझ, र श्रम शोषणको शिकार हुन पुगेका छन् ।

## १.४. बालबालिका सम्बन्धी नीतिको औचित्यता :

बालबालिकाको उचित पालनपोषण, तथा हेरचाह, शिक्षा, स्वास्थ्य संरक्षण लगायत आधारभुत आवश्यकता परिपूर्तिको लागि पहिलो संरक्षक परिवार हो भने राज्य लगायत सरोकारवालामा समेत बाल अधिकार संरक्षण र प्रवर्द्धनको दायित्व रहन्छ । देशको राजनैतिक तथा सामाजिक विकासक्रम संगै बालबालिकाको विकास र संरक्षण सम्बन्धी कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा विकास भएको छ । बालबालिका सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कानुन तथा नीतिको स्थानीयकरण गने सन्दर्भमा गाउँपीलकाले बालबालिका सम्बन्धी स्थानिय नीति बनाई लागु गरेको छ । बाल नीति निर्माण गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाले स्पष्ट पार्दछ ।

क) गाउँपालिका लगायत यस क्षेत्र भित्रका सबै सार्बजनिक निकाय, निजी क्षेत्र र समुदाय तहमा बाल अधिकारको पुर्ण उपयोग गर्न सक्ने गरी बालमैत्री स्थानीय शासन अवलम्वन सम्बन्धी वातावरण सृजना गर्न सहयोग गर्दछ ।

ख) बालबालिका सम्बन्धी नीतिले बाल अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी निरोधात्मक तथा नियमनकारी व्यवस्था कार्यान्वयन गर्न निर्देशन गर्ने हुदा बालबालिका

माथि हुने विभेद, बा बिबाह, बाल हिंसा, बाल यौन दुरव्यवहार, बालश्रम शोषण तथा यातना जस्ता हानीकारक गलत सामाजिक अभ्यासको निराकरण गर्न सहयोग पुग्दछ ।

ग) बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन र राष्ट्रिय नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारवालाहरुलाई मार्ग निर्देश गर्दछ ।

घ) बेवारिसे, परित्यक्त, संरक्षक वा साहारा बिहिन तथा जोखिममा रहेका बालबालिकाको तत्कालिन अवस्थामा संरक्षण वा बैकल्पिक हेरचाहको व्यबस्था गर्न मार्ग निर्देश गर्दछ ।

ङ) परिवार, समुदाय लगायत सबै सार्वजनिक निकायमा बालमैत्री संरचना निर्माण र बालमैत्री व्यबहार अवलम्वनका लागि अनिवार्य प्रावधान राखिने हुंदा बालबालिकाले सहज रुपमा अधिकार उपयोग गर्न सक्ने वातावरण सृजना गर्न सहयोग पुग्दछ ।

## परिच्छेद २

## बालबालिकाका मुख्य समस्या तथा चुनौती र अवसरहरु :

### २.१. बालबालिकासंग सम्बन्धित मुख्य समस्याहरु

बालबालिकाहरुको सर्वोत्तम हितको प्रतिकूल हुनेगरी गरिने व्यवहार तथा अभ्यासले गर्दा बालबालिकाले विभिन्न समस्या तथा चुनौतीहरु भोग्नु परेको छ । ऐरावती गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी र विभिन्न सरोकारवालासंगको छलफलबाट प्राप्त निचोडको आधारमा बालबालिलकाले भोग्नु परेका समस्यालाई निम्न बमोजिम उल्लेख गरिएको छ

क) सार्वजजिक सेवा प्रदायक निकाय लगायत परिवार र समुदाय तहमा बालमैत्री व्यवहार पुर्णत अवलम्वन नगरिनु ।

ख) गाउँपालिका, स्थानीय तहका सार्बजनिक निकाय, समुदाय र परिवारमा समेत बालमैत्री संरचना निर्माण तर्फ संवेदनशिल नहुनु ।

ग) गरिवी तथा अशिक्षाका कारण बालबालिकाले श्रमिकको रुपमा होटल व्यवसाय, यातायात साधन र इट्टा भट्टामा समेत काम गर्न जानु पर्ने बाध्यता रहनु ।

.घ) बाल विवाह गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेको छ । जसले गर्दा बालबालिका शिक्षाबाट बञ्चित हुनुका साथै अधिकांस बालिका कम उमेरमा बच्चा जन्माउदा स्वास्थ्य समस्या, नचाहदा नचाहादै पनि सम्वन्ध विच्छेद र बहु विवाह,





घरेलु हिंसा लगायत थप समस्या भोग्नु परेको छ ।

ङ) छोरी भएका कारण बिशेष गरी बालिकाहरु बाल यौन दूर्व्यवहार तथा यौन शोषणको शिकार हुनुपरेको छ ।

च) घरपरिवार, बिद्यालय लगायत समुदाय र सार्वजनिक स्थलमा समेत बालबालिका माथि शारिरिक तथा मानसिक यातना दिइनु ।

छ) अधिकांस परिवारमा छोरा र छोरी वीच शिक्षा, अवसर, सहभागिता जस्ता ब्यक्तित्व बिकास र क्षमता बिकासमा बिभेद गर्नु ।

### २.२ बाल अधिकार उपयोगका लागि बालबालिकाका चुनौतीहरु

ऐरावती गाउँपालिकाले बालबालिकाको सर्बोत्तम हित तथा बाल अधिकार संरक्षण तथा संम्वर्द्धनको क्रममा सामाना गर्नुपर्ने चुनौतीलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

क) बाल अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी पर्याप्त नीति तथा कानुन निर्माण र प्रभावकारी कार्यान्वयन तथा परिपालना नहुनु ।

ख) गाउँपालिकाबाट बाल अधिकार संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा सिमित स्रोत परिचालन ।

ग) सार्बजनिक निकाय, निजीक्षेत्र तथा समुदाय र परिवार तहमा समेत बालमैत्री संरचना निर्माण र बाल मैत्री ब्यबहार अवलम्बन हुन नसक्नु ।

घ) बाल विवाहलाई परिवार तथा समाजले सहर्ष स्विकार गर्नु र कानुनी दायरामा ल्याउन नचाहानु ।

ङ) बालश्रम, बाल हिंसा, बाल यौन दुरव्यवहार, लिङ्गको आधारमा बालक र बालिका वीच गरिने विभेद जस्ता गलत सामाजिक अभ्यासले प्रश्रय पाइरहनु ।

च) बेवारिसे, संरक्षक वा साहारा बिहिन, परित्यक्त, विपद वा महामारीबाट प्रत्यक्ष प्रभावित, हिंसा पिडित कानुनको बिबादमा परेका तथा अति जोखिममा रहेका बालबालिकालाई तत्कालीन संरक्षण वा सुरक्षाका लागि बैकल्पिक हेरचाहको व्यवस्थाको सुनिश्चितता नहुनु ।

## परिच्छेद ३.

## बालबालिका सम्बन्धी नीतिको दिर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

### ३.१.बाल नीतिको दिर्घकालिन सोंच :

बालमैत्री स्थानीय शासनको सुनिश्चितता, बाल अधिकार संरक्षणमा गाउँपालिकाको प्रतिबद्धता ।

### ३.२. बाल नीतिको लक्ष्य

सबै प्रकारका बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल अधिकारको पुर्ण उपयोगको वातावरण सृर्जना गर्ने ।

### ३.३. नीतिको प्रमुख उद्देश्यहरु

१) बालबालिका माथि हुने सबै किसिमका मानसिक, शारिरिक हिंसा, शोषण, बेचबिखन तथा ओसार पसार, बञ्चितिकरण, यौनजन्य दुरव्यवहार, उत्पिडन, विभेद, बाल विवाह जस्ता अमानविय व्यवहारबाट संरक्षण र सुरक्षा प्रदान गरी समृद्ध बाल्य अवस्था व्यतित गर्न बाल न्याय प्रणालीलाई सुदृढ गर्ने ।

२) सबै बालबालिकालाई माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था, ब्यक्तित्व विकास लगायत भावी नेतृत्वको लागि योग्य नागरीक निर्माण गर्न नेतृत्व क्षमताको विकास गर्ने ।

३) बोवारिसे, संरक्षक वा साहारा विहिन, परित्यक्त, दुरव्यवहार वा हिंसा पिडित, विपद् वा महामारीबाट प्रभावित लगायत विभिन्न खाले जोखिममा परेका बालबालिकाको तत्कालीन संरक्षण साथै पुनस्थापना र बैकल्पीक हेरचाहको व्यवस्था गर्ने ।

४) बालबालिकाका सवाल सम्बोधन सम्बन्धी स्थानीय नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन र बालबालिकासंग सरोकार राख्ने नीति निर्माण तहमा बालबालिकाको सक्रिय सहभागिता सुनिश्चित हुने बातावरण सृजना गर्ने ।

५) बालमैत्री स्थानीय शासन प्रणालीलाई सुदृढ गर्न सबै सरोकारवालासंग नियमित समन्वय र साझेदारी गरी एकद्धार प्राणाली लागु गर्ने ।

## परिच्छेद ४

## प्रमुख नीति र रणनीति तथा कार्यनीति

### ४.१. प्रमुख नीतिहरु

ऐरावती गाउँपालिकाले बालअधिकार सम्बन्धी समग्र पक्षलाई समेटेर समग्र बाल नीतिले निर्दिष्ट गरेको दिर्घकालीन सोंच र लक्ष्य हासिल गर्न नीतिमा उल्लेखित उद्देश्यमा





आधारित रही बालबालिकासंग सम्बन्धित प्रमुख नीतिहरु तय गरेको छ । बालबालिका सम्बन्धी प्रमुख नीतिहरु निम्न बुँदामा उल्लेख गरिएको छ ।

१) ऐरावती गाउँपालिकामा रहेका सबै किसिमका बालबालिकालाई कुनै पनि डरत्रास वा भय रहित वातावरणमा सुरक्षीत र समृद्ध बाल जीवन जिउन पाउने अधिकार को सुनिश्चित गर्ने

२) सबै किसिमका बालबालिकालाई निशुल्क शिक्षा, मनोरञ्जन, खेलकुद, नेतृत्व तथा वकालत सम्बन्धी क्षमता विकास लगायत व्यक्तित्व विकाससंग सम्बन्धित अवसर मा पहुँच सुनिश्चित गर्ने ।

३) सबै किसिमका बालबालिकाको संरक्षण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी व्यवस्था लागु गर्ने ।

४) बाल हिंसा, बेचबिखन, शोषण महामारी बिपद लगायत बिभिन्न जोखिमका कारण बिशेष संरक्षण तथा स्याहारको आवश्यकता भएका बालबालिकाको लागि उद्धार तथा पुनस्थापना र बैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।

५) बालबालिकासंग सरोकारका बिषयमा बालबालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

### ४.२. बाल नीतिमा उल्लेखित रणनीति तथा कार्यनीतिहरु

**बालबालिका सम्बन्धी नीतिले परिकल्पना गरेको दिर्घकालीन सोंच, लक्ष्य र उद्देश्य पुरा गर्ने गरी तय गरिएको प्रमुख नीतिहरुमा आधारित रही तपशिल बमोजिमका रणनीति र कार्यनीतिहरु निर्धारण गरि एको छ ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १) ऐरावती गाउँपालिकामा रहेका सबै किसिमका बालबालिकालाई कुनै पनि डरत्रास वा भय रहित वातावरणमा सुरक्षीत र समृद्ध बाल जीवन जिउन पाउने अधिकारको सुनिश्चित गर्ने | |
| सबै किसिमका बालबालिकालाई पोषाण, सुरक्षित बाल जीवन यापन तथा स्वास्थ्य स्थितिमा सुधार ल्याउने । | ▪ आमाको गर्भमा रहेदेखि जन्म पश्चात बाल्य अवस्थाको उमेर हदसम्म सबै प्रकारका बालबालिकालाई आधारभुत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने ।<br>▪ सबै बालबालिकाको पोषण स्थिति सुधार सम्बन्धी दीगो उपायको खोजी गरी व्यवस्थापन गर्ने ।<br>▪ भिटामीन ए तथा विद्यालय पौष्टिक आहार कार्यक्रमलाई निरन्तरता दिने ।<br>▪ बाल स्वास्थ्यको लागि आवश्यक औषधी तथा उपकरण, विद्यालय स्वास्थ्य कार्यक्रम, टोलबस्तीमा स्वास्थ्य शिविर, अपाङ्गता भएका बालबालिका, सडक तथा असहाय बालबालिकालाई निशुल्क स्वास्थ्य सेवा, तथा "बाल डाक्टर" जस्ता कार्यक्रम विस्तार गर्ने ।<br>▪ बाल स्वास्थ्य तथा सरसफाइका विभिन्न विषयवस्तु लगायत अपाङ्गता हुने घरेलु कारणदेखि अन्य कारण सम्बन्धी जनचेतना कार्यलाई व्यापक बनाई निरन्तरता दिने ।<br>▪ सबै वडामा सुरक्षीत सुत्केरी गृह, सुरक्षित सुत्केरी सामाग्री र दक्ष जनशक्ति सहितको सुत्केरी सेवाको संरचनागत व्यवस्था गर्ने ।<br>▪ घरमा बच्चा जनउने कार्य सुन्यमा झार्ने (Zero Home Delivery) व्यबस्था मिलाउने ।<br>▪ सामुदायिक स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाई गाउँपालिकाका सबै टोल बस्तीमा रहेका गर्भवती आमाको गर्भ जाँच तथा खोप सेवा र नवजात शिशु तथा बालबालिकाको पुर्णखोप र स्वास्थ्य सेवामा सहज पहुँचको व्यवस्था गर्ने ।<br>▪ आमाको गर्भमा रहेका सबै बालबालिकाले सुरक्षित जन्मन पाउने अधिकार सुनिश्चित गर्ने ।<br>▪ बालबालिकाको जन्मदर्ता सरल र अनिवार्य गर्ने । |





| | |
|---|---|
| २) सबै किसिमका बालबालिकालाई निशुल्क शिक्षा, मनोरञ्जन, खेलकुद, नेतृत्व तथा वकालत सम्बन्धी क्षमता विकास लगायत व्यक्तित्व विकाससंग सम्बन्धित अवसरमा पहुच सुनिश्चित गर्ने । | |
| बालबालिकाहरुको व्यक्तित्व विकासका लागि गुणस्तरीय शिक्षा प्रवर्द्धन तथा बालमैत्री शिक्षण सिकाई र संरचनाको व्यवस्था गर्ने । | ▪ सबै बिद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि न्यूनतम मापदण्डको विकास गरी प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमनको व्यवस्था गर्ने ।<br>▪ सबै विद्यालयहरुमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणको विकास र विस्तार गर्ने ।<br>▪ हरेक विद्यालयमा बालमैत्री खानेपानी धारा र बालमैत्री सौचालयको व्यवस्थापन गर्ने ।<br>▪ प्रारम्भिक बाल विकासलाई बालबालिकाहरुको जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आवद्ध गर्दै सुदृढ गर्ने ।<br>• प्रत्येक बालबालिकालाई प्राथमिक शिक्षा अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क बनाउने व्यवस्था गरिने,<br>▪ विशेष गरेर जोखिम परिस्थिति र अति बिपन्न समुदायका बालबालिकाहरुका परिवारमा कल्याणकारी कार्यक्रम मार्फत बालबालिकालाई विद्यालय पठाउन प्रोत्साहन गर्नेगरी आयआर्जनका कार्यक्रम संचालन गर्ने ।<br>▪ विद्यालय वाहिर रहेका किशोर किशोरीहरुका लागि जीवनोपयोगी सीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्द्धन गर्ने ।<br>▪ वीचैमा विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई प्राथमिकता दिदै, शिक्षाको मुल प्रवाहमा ल्याउन व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गर्ने ।<br>▪ शिक्षक, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिहरु समेतका लागि दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरुमा आधारीत विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक र तालीम सामाग्रीहरुको पुनरावलोकन र समय सापेक्ष लागु गरिएका नीति तथा कानुनहरुका बारेमा जानकारी गराई बाल अधिकारमुखी दृष्टिकोण अवलम्वन गर्न अभिप्रेरीत गर्ने ।<br>• आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरुलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी गराई बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान दिईने,<br>• गाउँपालिकाबाट तजुमा गरिने नीति, कानुन र योजनाहरु पुनरावलोकन तथा परिमार्जन गरी बालमैत्री बनाउने ।<br>• बालबालिकाहरुको व्यक्तित्व बिकास संग सम्बन्धीत खेलकुद, मनोरञ्जन लगायत अतिरिक्त क्रियाकलापहरुमा सहभागिताको अवसर प्रदान गर्ने । |

| ३) बाल अधिकार संरक्षण सम्बन्धी निरोधात्मक तथा नियमनकारी व्यवस्था लागु गर्ने । | |
|---|---|
| बालबालिकाको विद्यमान अवस्था पहिँचान तथा बिश्लेषण गरी आवश्यकता अनुसार संरक्षण तथा प्रबर्द्धनको व्यवस्था गर्ने । | ▪ बाल अधिकार संरक्षण र प्रबर्द्धनका लागि गाउँपालिकास्तरीय र वडा स्तरीय बाल अधिकार समिति गठन गरी परिचालन गर्ने ।<br>▪ बाल संरक्षणका सवालहरु पहिँचान गरी तत्काल सम्बोधनका लागि गाउँपालिकामा बालकल्याण अधिकारी नियुक्त गरी कार्य विवरण तोक्ने ।<br>▪ लिङ्ग पहिँचान गरी छोरी भएमा गरिने भ्रुर्ण हत्याको प्रचलन बिरुद्ध कानुनी प्रावधानबारे समुदाय तहमा व्यापक जानकारी गराउने ।<br>▪ लिंगको आधारमा छोरा र छोरी बिच गरिने बिभेद तथा गलत सामाजिक अभ्यासका बिरुद्ध व्यापक जनचेतनामूलक अभियान तथा छोरी जन्माउने परिवार वा आमालाई प्रोत्साहानका कार्यक्रम संचालन गर्ने ।<br>▪ बालसंरक्षण सम्बन्धी कानुनी प्रावधानहरु बारे समुदाय तहमा व्यापक जानकारी गराई प्रतिकार र वकालत क्षमता बढाउने ।<br>• बाल विवाह नियन्त्रण अभियान संचालनका लागि कार्ययोजना बनाई लागु गर्ने र बाल विवाह न्यूनिकरण अभियानमा विद्यालय, बालक्लव, विकासका साझेदार संस्थाहरु र समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने ।<br>▪ बाल विवाह गर्ने गराउनेलाई सामाजिक बहिष्कारको अवधारणा लागु गर्न सामाजिक जागरण र कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार गर्ने ।<br>▪ बाल विवाह न्यूनिकरण गर्न वा हुन नदिनका लागि रोकथामका उपायहरु जस्तै घरदैलो अभियान, सडक नाटक, अन्तरक्रिया, प्रोत्साहन सम्बन्धी कार्यक्रमहरु व्यापक मात्रामा संचालन गर्ने<br>▪ बाल विवाह गर्ने गराउनेलाई कानुनी दायरामा ल्याउन समुदाय तथा परिवारलाई अभिप्रेरित गर्ने ।<br>▪ गाउँपालिका क्षेत्रभित्र बालसंरक्षणको क्षेत्रमा क्रियाशिल संघसंस्था वा निकायहरुसंग नियमित समन्वय र सहकार्य गरी बाल अधिकार संरक्षण तथा प्रबर्द्धनमा एकिकृत कार्यप्रणाली अवलम्वन गर्ने । |





| | |
|---|---|
| | • बाल श्रम निवारणको लागि बाल श्रमिकको रुपमा काममा लगाएको वारेमा अनुगमन प्रभावकारी बनाइने, काममा लगाएको पाइएमा बालबालिकाको उद्धार तथा पुर्नस्थापना र रोजगारदातालाई कारवाहीको व्यवस्था गर्ने ।<br>• विद्यालय स्तरमा बाल अधिकार लगायत यौन शिक्षा तथा यौन शोषण र यौन दुर्व्यवहार वारेमा पाठ्पुस्तकमा नै समावेश गर्ने व्यबस्था मिलाउने ।<br>• विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरिने,<br>• बाबु वा आमा वा दुवै जेलमा परी हेरचाह गर्ने कोही नभईका आश्रित बालबालिकालाई सँस्थागत हेरचाहको व्यवस्था गरिने,<br>• संरक्षणको आवश्यकता परेका बालबालिकाहरुका लागि तत्काल सहायता उपलब्ध गराउन निःशुल्क बाल हेल्पलाईन/हटलाइन जस्ता सेवाको प्रवर्द्धन गर्न पहल गर्ने ।<br>• दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना लगायत सबै प्रकारका हानीजस्ता बाल संरक्षणका सवालहरुलाई योजनामा प्राथमिकताका साथ समावेश गरिनेर वार्षिक कार्यक्रम र बजेट विनियोजनमा प्राथमिकता दिने,<br>• गम्भीर प्रकृतिको आरोप लागेका बालबालिकालाई मात्र औपचारिक न्यायिक प्रक्रियामा ल्याईने, बाबुआमा, परिवारका अन्य सदस्यको रोहवरमा मात्र कानूनी प्रक्रिया अगाडि बढाइने र न्यायिक प्रक्रियामा संलग्न हुने बालबालिकाको व्यक्तिगत परिचय गोप्य राखिने ।<br>• बाल श्रमलाई निरुत्साहीत गरिने र सडक बालबालिका, बालश्रम, बेवारिसे, हिंसा पिडित, अपांगता भएका लगायत विभिन्न जोखिममा रहेका बालबालिकाहरुको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ ।<br>• धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन र मुल्याङ्कनको व्यवस्था प्रभावकारी बनाउने ।<br>• बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको प्रवाहले उनीहरुलाई हुनसक्ने जोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गर्ने । |

| ४) बाल हिंसा, बेचबिखन, शोषण महामारी बिपद लगायत बिभिन्न जोखिमका कारण बिशेष संरक्षण तथा स्याहारको आबश्यकता भएका बालबालिकाको लागि उद्धार तथा पुनस्थापना र बैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने । | |
|---|---|
| अति जोखिममा रहेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई बैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने । | ▪ गाउँपालिकामा बाल संरक्षण वा बाल उद्धार कोष स्थापना गरी उक्त कोष बृद्धिका लागि सबै सरोकारवालाहरुको सहयोग लिनसक्ने गरी बास्केट फण्डको रुपमा कोष व्यवस्थापन तथा परिचालन गर्ने ।<br>▪ विभिन्न जोखिम, हिंसा, यातना, दुरव्यवहार, लागु औषध दुर्बयसनीबाट प्रभावित तथा पिडित बालबालिकाहरुलाई बाल मनोबिमर्श सेवा उपलब्ध गराउने व्यवस्था गर्ने ।<br>▪ हिंसा पिडित तथा प्रभावित र सडक बालबालिका, बेवारिसे, परित्याग गरिएका वा सडक बालबालिका, बेचबिखनमा परेका वा हराएका, लागु औषध दुर्बयसनीमा परेका, विपद वा महामारी लगायत बिभिन्न जोखमबाट पिडित तथा प्रभावित बालबालिकाहरुलाई पारिवारिक वा सामुदायिक पुनर्स्थापना र आबश्यकता अनुसार बैकल्पीक हेरचाह सहितको संस्थागत संरक्षणको व्यबस्था गर्ने ।<br>• बालबालिकाको वेचविखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गरिने, बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षा र परिवार तथा समुदायमा पुनर्स्थापनाको व्यवस्था गरिने,<br>• बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गरिने, त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइने र अभिभावकलाई आयआर्जनका कार्यमा प्रोत्साहित गर्नुका साथै काउन्सिलिङ्ग गरिने,<br>▪ गाउँपालिकामा आबश्यकता अनुसार बालअधिकर तथा बाल संरक्षणका सवाल तथा समस्याहरु ससम्बोधनका लागि बाल गृह निर्माण तथा व्यवस्थापनमा जोड दिने । |





| ५) बालबालिकासंग सरोकारका बिषयमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । | |
|---|---|
| रणनीति ५.<br>बालबालिका सम्बन्धी बिद्यमान सवाल पहिँचान तथा सम्बोधनका लागि नीतिगत तथा निर्णायक तहमा बाल सहभागिताको वातावरण सृजना गर्ने । | ▪ बाल क्लव तथा बाल सञ्जाल दर्ता प्रक्रिया सरल बनाउने ।<br>▪ बाल क्लव तथा बाल संजाल सञ्चालन सम्बन्धी निर्देशिका बनाई लागु गर्ने ।<br>▪ बाल सहभागितालाई मूलप्रवाहीकरण गरी योजना तर्जुमा चरणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>▪ बालबालिकाको सहभागिताको नाउँमा उनीहरुको समय र श्रमको शोषणल हुनबाट जोगाउन बाल सहभागिता सम्बन्धी निर्देशिका बारे समुदाय तहमा ब्यापक प्रचार-प्रसार गर्ने ।<br>▪ गाउँपालिका, वडा, बिद्यालय र समुदाय तहमा गठन गरिने बालक्लब वा संजालमा सबै बर्ग, जातजाती लिङ्ग, क्षेत्रका बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>▪ गाउँपालिकाबाट लागु गरिएका नीति, ऐन तथा नियमको पुनराबलोकन गरी बालबालिकाका सरोकारका बिषय समाबेश गर्ने ।<br>▪ बालबालिकाको सरोकारका विषयमा गरिने निर्णय प्रक्रियामा विना भेदभाव बालबालिकाको अनिबार्य सहभागिता सुनिश्चित गर्ने,<br>▪ "बाल संसद" वा यस्तै अन्य फोरमको विकास गरी नेतृत्व विकासको अवसर प्रदान गरी बाल सहभागिता अभिवृद्धि गर्ने<br>▪ बालसहभागिता प्रवर्द्धन गर्न दातृनिकाय, सामाजिक संघसंस्था, सञ्चार माध्यम एवम् निजी क्षेत्रसंग कार्यमूलक समन्वय र सहकार्य गर्ने ।<br>▪ बालबालिकासंग सरोकार राख्ने बिषयसंग सम्बन्धीत कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>▪ बाल सहभागिता प्रवर्द्धन सम्बन्धी नीति, कानुन तथा कार्यक्रम कार्यान्वयन र बाल सहभागिता सम्बन्धी अभ्यासको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न संस्थागत संरचना र पद्दतिको निर्माण गरी क्षमता अभिवृद्धि गर्ने । |

| जिम्मेवारी प्राप्त संस्था एवं संयन्त्रहरु | कार्यभुमिका |
|---|---|
| ऐरावती गाउँपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा बालमैत्री कार्यप्रणाली सुनिश्चितताका लागि नीति तथा कानुनहरुको पुनरावलोकन गरी परिमार्जन तथा सुधार गर्ने ।<br>▪ बालबालिकाको क्षेत्रमा नेपाल सरकार र गाउँपालिकाले जारी गरेका नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिवद्धताको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,<br>▪ गाउँपालिकाको योजना तजुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाको पुनरावलोकन गरी बालमैत्री बनाउने ।<br>▪ गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरी कार्यान्वयन गर्ने, गराउने ।<br>▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्रमा परिचालित सबै निकायबाट उपलब्ध गराउने सेवा सुविधा र लाभ वितरणमा बालबालिकाको पहुच बृद्धि गर्न कार्यभूमिका सहित स्पष्ट निर्देशन दिने ।<br>▪ सबै बालबालिकाहरुलाई माध्यमिक तहसम्म निशुल्क शिक्षा र विद्यालय बञ्चित बालबालिका वा किशोर किशोरीलाई बै कल्पिक शिक्षण सिकाई वा जीवन उपयोगी शिक्षाको व्यवस्था गर्ने ।<br>▪ गाउँपालिकास्तरको बाल अधिकार समिति गठन गरी परि चालन गर्ने<br>▪ बाल कल्याण अधिकारीको व्यवस्था गरी कार्य विवरण तोक्ने ।<br>▪ गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा बालमैत्री संर चना निर्माणका लागि मापदण्ड बनाई अनिवार्य लागु गर्न निर्देशन गर्ने ।<br>▪ स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरी बालबालिकाको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने ।<br>▪ सबै प्रकारका बालबालिकाको संरक्षणको नीति लागु गर्ने र जो खिममा रहेका विशेष हेरचाहको आवश्यकता भएका बालबालिकाहरुको लागि बैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ बालबालिकाको नेतृत्व क्षमता विकास तथा विकास कार्यमा बाल सहभागिता बृद्धिका लागि बाल सांसद वा अन्य फोर महरुको विकास गर्ने ।<br>▪ बाल बिबाह, बाल हिंसा, बाल श्रम शोषण, बाल यौन दुर ब्यबहार लगायत बालबालिका माथि हुने अमानबिय ब्यबहार बिरुद्ध अभियान संचालन गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।<br>▪ बाल संरक्षण नीति र बाल संरक्षण सम्बन्धी आचार संहिता बनाई लागु गर्ने गराउने ।<br>▪ बालबालिकासंग सम्बन्धित कार्यक्रमहरुमा विभिन्न सरोकार वाला निकायसंग नियमित समन्वय तथा साझेदारी गर्ने । |





| | |
|---|---|
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट पुनरावलोकन गरी जारी गरिएका बाल नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ बाल अधिकार प्रवर्द्धनका लागि नेपाल सरकारले जारी गरेका राष्ट्रिय नीति तथा कानुन र नेपाल सरकार बाट अनुमोदन गरेका अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन गर्ने,<br>▪ स्थानीय योजना तर्जुमा, बजेट बाँडफाँड, कार्यान्वयन र अनुगमन ढाँचाहरूलाई पुनरावलोकन गरी बालमैत्री बनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सरोकारका बिषयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने,<br>▪ वडास्तरको बाल अधिकार समिति गठन गरी परिचालन गर्ने<br>▪ बालमैत्री सेवा प्रवाह तथा कार्यप्रणाली अवलम्वन गर्ने ।<br>▪ वडा तहमा बाल क्लव तथा बाल सञ्जाल गठन तथा परिचालन गरी वडा तथा बस्ती तहको योजना तर्जुमामा उनीहरुको सहभागीता बृद्धि गर्ने ।<br>▪ बाल कल्याण अधिकारी संग नियमित समन्वयमा रही कार्य गर्ने ।<br>▪ वडा तथा टोलबस्तीमा जोखिम अवस्थामा रहेको र विशेष स्याहारको आवश्यकता भएका बालबालिकालाई बैकल्पिक हेरचाह र संरक्षणको लागि गाउँपालिकामा सिफारिस गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरण निर्माण र बालमैत्री शिक्षण सिकाइ वातावरण सृजनाका लागि आबश्यक व्यबस्थापन तथा निर्देशन गर्ने र कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने ।<br>▪ बाल स्वास्थ्य सेवा प्रभावकारीताका लागि स्वास्थ्य संस्था व्यवस्थापनमा आवश्यक सहयोग ब्यबस्थापन र नियमित अनुगमन गर्ने । |

| | |
|---|---|
| बाल अधिकार समिति | ▪ बालबालिकाका सवाल पहिचान र सम्बोधनका लागि विभिन्न विषयगत शाखा, वडा कार्यालय र सरोकारवाला निकायसंग नियमित समन्वय र सहकार्य गर्ने ।<br>▪ गाउँपालिकामा बाल इजलाश गठनका लागि पहल गरी बालमैत्री न्याय प्रणाली सुनिश्चित गर्ने ।<br>▪ कानुनको बिबादमा परेका बालबालिकालाई औपचारीक कानुनी दायरामा ल्याउनका लागि बालबालिकाको अभिभावकको रोहवरमा कानुनी प्रक्रिया अगाडी बढाउन समन्वय तथा सहयोग गर्ने ।<br>▪ बालबालिका माथि हुने हिंसा, यौनजन्य दुरव्यवहार, श्रम शोषण लगायतका विभेदजन्य कार्य विरुद्ध सामाजिक जागरण अभियान संचालन गर्न विभिन्न सरोकारवाला निकाय वीच समन्वय र सहकार्य गर्ने ।<br>▪ बालबालिका बिरुद्ध भएका बाल हिंसा, बाल यौन दुरव्यवहार, बालश्रम, बाल विवाह, विभेद लगायतका घट्नाहरुको अभिलेख अद्यावधिक गरी यसको न्युनिकरणका लागि कार्य योजना बनाई कार्यान्वयन गर्न पहल गर्ने ।<br>▪ बालबालिकाको संरक्षण, ब्यक्तित्व बिकास र सहभागिता सम्बन्धी सरोकारका बिषयमा सचेतना अभिबृद्धिका लागि वडा तथा समुदाय तहमा जागरण अभियान संचालन गर्न योजना बनाई माग गर्ने । |
| शिक्षा शाखा | ▪ बिद्यालयको भौतिक संरचना ब्यबस्थापन तथा गुणस्तर सुधार सम्बन्धी योजना बनाई कार्यान्वयन गर्न गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाहृय बालबालिकाको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्न कार्ययोजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकालाई नियमित विद्यालय आउन आकर्षित गर्ने । |





| | |
|---|---|
| शिक्षा शाखा | ▪ बालमैत्री शिक्षण सिकाई अवलम्बन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने अवस्था सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाहृय, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ बाल क्लबहरुको गठन गरी परिचालन गर्ने ।<br>▪ विद्यालयका हरेक निर्णयहरुमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापन गर्न माग गर्ने ।<br>▪ शिक्षकलाई क्षमता बिकास तालीम संचालन गरी बालमैत्री शिक्षण सिकाई र बालमैत्री ब्यबहार अवलम्बन गर्न अभिप्रेरित गर्ने । |
| बाल कल्याण अधिकारी | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरक शाखाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ बालबालिकाका सवाल वा गुनासोहरु सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ टोलबस्ती, वडा लगायत गाउँपालिकामा बालमैत्री बजेट विनियोज गर्न र बालबालिकासंग सम्बन्धित योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष व्यवस्थापन र गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ बाल संरक्षण नीति र आचार संहिता बनाई लागु गर्न गराउन पहल गर्ने । |

| | |
|---|---|
| विषयगत शाखा | ▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रममा बाल सहभागिता र लाभ सुनिश्चितताका विषयमा सवेदनशिल हुने । |
| स्वास्थ्य शाखा | ▪ गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा आबश्यक सामाग्री तथा मानवस्रोत व्यबस्थापन गर्न कार्ययोजना बनाईल माग गर्ने ।<br>▪ बाल स्वास्थ्य सेवालाई निशुल्क र प्रभावकारी बनाउन नियमित अनुगमन गरी आबश्यक निर्देशन तथा अभिप्रेरित गर्ने ।<br>▪ सबै वडा तथा समुदायमा बालबालिकाको पुर्ण खोप कार्यक्रमलाई प्रभावकारी बनाउने ।<br>▪ गर्भवती जाँच, सुरक्षित सुत्केरी सेवा र नवजात शिशुको स्वास्थ्य सेवामा सबैको सहज पहुँचको व्यवस्था गर्ने ।<br>▪ घरमा सुत्केरी गराउने प्रचलन हटाउने (Zero Home Delivery) र स्वास्थ्य संस्थामा सुत्केरी गराउन जनचेतना तथा प्रोत्साहन सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>▪ सबै वडामा सुरक्षीत सुत्केरी सामाग्री र दक्ष जनशक्ति सहितको सुराक्षीत सुत्केरी गृहको व्यबस्थापन गर्न कार्य योजना बनाई माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ बाल अधिकार हनन् तथा उल्लंघनका घट्नाहरुको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ गाउँपालिका लागयत अन्य सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा बाल बिबाह, लागु औषध दुर्व्यसनी, बालश्रम, बाल हिंसा लगायत बाल अधिकार हनन् बिरुद्ध सचेतनामुलक अभियान संचालन गर्ने ।<br>▪ बालबालिकासंग अनुसन्धान प्रक्रियामा बालमैत्री व्यबहार अवलम्बन गर्ने ।<br>▪ बालबालिकाको गोपनियतामा ध्यान दिने ।<br>▪ कानुनको बिबादमा परेका बालबालिकाको संरक्षण र सुधारका लागि गाउँपालिका लगायत अन्य संघसंस्थासंग समन्वय गर्ने । |





| | |
|---|---|
| विकासका साझेदारहरु | ▪ बालबालिकासंग सम्बन्धित सवालमा बालबालिकाको सहभागिता बृद्धि र वकालत क्षमता बढाउन क्षमता विकासका कार्यक्रममा गाउँपालिकासंग समन्वय तथा साझेदारी गर्ने ।<br>▪ बालविवाह बिरुद्ध कार्ययोजना निर्माण र कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्ने ।<br>▪ बालक्लब तथा बालसंजालको क्षमता बिकास तथा नेतृत्व विकासका कार्यक्रममा गाउँपालिकासंग सहकार्य गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट निर्माण गरी जारी गरिएका बालमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि योजना निर्माण तथा कार्यान्वयनमा सहयोग तथा सहकार्य गर्ने ।<br>▪ बाल विवाह बिरुद्ध अभियान संचालनमा सहयोग तथा सहकार्य गर्ने ।<br>▪ बाल हिंसा, बाल यौन दुरव्यवहार, बालश्रम शोषण तथा बिपद् र महामारीबाट पिडित तथा प्रभावित बालबालिकालाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्कालीन अवस्थामा संरक्षण प्रदान गर्न सहयोग गर्ने । |
| बाल क्लब तथा बाल सञ्जाल | ▪ बालबालिकाको सवालमा ऐकतावद्ध भई वकालत तथा सचेतनामुलक अभियान संचालन गर्न बालबालिकालाई संगठित गरी परिचालन गर्ने ।<br>▪ बाल विवाह विरुद्ध बार्षिक कार्य योजना बनाई कार्यान्वयन गर्न वडा तथा गाउँपालिकामा माग पेश गर्ने ।<br>▪ बालबालिका माथि हुने हिंसा, विभेद, सामाजिक प्रचलन र गलत सामाजिक अभ्यासको विरुद्ध नियमित वकालत गरी अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ बालबालिका माथि हुने विभेद विरुद्ध वकालत क्षमता अभिबृद्धि गर्न नेतृत्व क्षमता विकास सम्बन्धी कार्यक्रम संचालनन गर्न योजना बनाई माग गर्ने ।<br>▪ बालबालिकाका खास-खास सरोकारका विषय एबं समस्या र आवश्यकता सम्बन्धी सुचना उपलब्ध गराई योजना तथा कार्यक्रम र बजेट माग गर्ने । |

| | |
|---|---|
| नीजि क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यबसायीसंघ, यातायात व्यबसायी संघ, विकास बैक आदि) | ▪ विभिन्न खाले हिंसा, दुरव्यवहार, शोषण, महामारी तथा विपदबाट प्रभावित बालबालिकाको तत्कालीन अवस्थामा राहात तथा उद्धार र संरक्षण गर्न गाउँपालिकासंग समन्वय गरी बाल उद्धार तथा बाल संरक्षण कोष बृद्धिका लागि सहयोग गर्ने ।<br>▪ होटल व्यबसाय, यातायात क्षेत्र तथा ब्यापारिक केन्द्रहरुमा बाल श्रम निरुत्साहित गर्न नियमित अनुगमन तथा निर्देशन गर्ने । |
| संचार माध्ययम | ▪ बाल अधिकार संरक्षण सम्बन्धी जनचेतनामुलक सन्देशहरु प्रसारण गरी सचेतना बृद्धि गर्न सहयो ग गर्ने ।<br>▪ समुदाय तहमा भएका बाल अधिकार हनन्का सवालहरु उठान तथा प्रचार प्रसार गरी सम्बो धनका लागि सम्बन्धित वडा, गाउँपालिका लगायत अन्य सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्ने । |
| समुदाय तथा अविभावक | ▪ वडा तथा बस्तीस्तरमा बालबालिकाको क्षेत्रमा गरिने योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।<br>▪ आ-आफ्नो समुदायबाट बालबालिकाका सवाल तथा समस्याहरु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकामा माग गर्ने ।<br>▪ बालबालिकालाई संरक्षक तथा अविभावकको जिम्मे वारी र दायित्व सम्बन्धी सहजीकरण गरी अभिप्रे रीत गर्ने ।<br>▪ प्रत्येक घरपरिवारले बालमैत्री संरचना निर्माण र बालमैत्री व्यवहार अवलम्वन गर्न प्रतिवद्ध रहन सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ बालबालिकालाई अनुशासित र लगनशिल बनाउन हरेक पविार तथा समुदायमा बालमैत्री वातावरण निर्माण गर्ने ।<br>▪ विद्यालयमा नियमित अनुगमन गरी बालबालिकाको अवस्था र शिक्षण विधि र बालमैत्री ब्यबहार अवलम्बन गर्न आवश्यक सुझाव दिने । |





## परिच्छेद ५
## नीतिको कार्यान्वयन पद्धती र अनुगमन प्रणाली

### ५.१. नीतिको कार्यान्वयन

बालबालिका सम्बन्धी नीतिले निर्दिष्ट गरे बमोजिम बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताका विषयहरु प्रति संवेदनशिल भई गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई बालमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । गाउँपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीलाई बाल नीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अवधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै विषयगत शाखा तथा संयन्त्र लगायत सरकारी,निकाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय, निजीक्षेत्र र स्थानीय समुदाय समेतलाई बालबालिकाको नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

### ५.१.१. नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा ब्यबस्थापन

क) तोकिए बमोजिमका पदाधीकारी रहने गरी गाउँपालिकास्तरीय र वडा स्तरीय बाल अधिकार समिति गठन गरी परिचालन गर्ने ।
ख) गाउँपालिकामा बाल कल्याण अधिकारी नियुक्त गरी कार्य भूमिका तथा जिम्मेवारी निर्धारण गरिनेछ ।
ग) बालमैत्री न्यायप्रणाली अवलम्वन गर्न बाल इजलासको व्यवस्था गर्ने ।
घ) गाउँपालिकास्तरीय बाल संजाल, वडास्तरीय बाल सञ्जाल र समुदाय तथा वडा तहमा बालक्लबहरु गठन गरी परिचालन गर्ने ।
ङ) समुदाय तथा टोलदेखि गाउँपालिका तहसम्मका विभिन्न समिति तथा संयन्त्रमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
च) विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
छ) महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई बाल अधिकार संरक्षण र प्रबर्द्धन क्षेत्रमा क्रियाशिल बनाउन सहज बातावरण सृजना गर्ने ।
ज) गाउँपालिका लगायत स्थानीय तहका सबै निकायमा बालमैत्री संरचना निर्माण गर्न मापदण्ड बनाई लागु गर्ने ।

### ५.१.२ बाल नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्य भूमिका निर्धारण :

बाल अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो त्यसैगरी बालबालिका सबैको सरोकार को विषय भएकोले आ-आफ्नो सामर्थ्य अनुसार बाल अधिकार संरक्षणको दयित्व ग्रहण गर्नु जरुरी हुन्छ । त्यसैले पनि गाउँपालिकाले बाल नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका सबै संयन्त्र र यस गाउँपालिका क्षेत्रभित्र कार्यरत अन्य सरकारी, गैरसरकारी तथा विकास साझेदार निकाय, बाल क्लव तथा बाल संजाल लगायत निजी क्षेत्र र स्थानीय समुदाय समेतको कार्यभूमिका तोकी उक्त भूमिका पूर्णत अवलम्वन गर्न निर्देशन र अभिप्रेरीत गरेको छ ।

**५.१.३. संस्थागत मानवस्रोत र सरोकारवालाको क्षमता विकास :**

क) बालबालिकाको जन्म दर्ता अनिवार्य र नियमित गर्न स्थानीय पञ्जिकाधीकारीको क्षमता बिकास गरी परिचालन गर्ने ।

ख) परिवार विहिन, बेवारिसे, परित्यक्त बालबालिकाको अभिलेख अद्यावधिक सम्बन्धमा वडा सचिवहरुलाई क्षमता बिकास तालीम दिई परिचालन गर्ने ।

ग) गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी लगायत सम्बन्धित शाखा र सरोकारवालालाई बाल अधिकार र बाल संरक्षण विषयक तालीम तथा अभिमूखिकरण गरी बालमैत्री कार्यप्रणाली र व्यवहार अवलम्बन गर्न क्षमता विकास गर्ने ।

घ) बाल अधिकार समितिका पदाधीकारी र बाल कल्याण अधिकारीलाई बाल अधिकारको पुर्ण उपयोग र बाल संरक्षण कार्यमा क्रियाशिल बनाउन बाल अधिकार र बाल संरक्षण सम्बन्धी क्षमता विकास तालीम संचालन गरी परिचालन गर्ने ।

ङ) विद्यालय तहमा बालअधिकार र बाल संरक्षण विषयक तालिम संचालन गरी बालमैत्री शिक्षण सिकाई र बालमैत्री विद्यालय बनाउन क्षमता विकास र ध्यानाकर्षण गर्ने ।

च) बाल क्लब र बाल संजालमा आवद्ध पदाधीकारी तथा सदस्यहरुलाई बाल अधिकार र बाल संरक्षण विषयक तालिम संचालन गरी बाल अधिकार उपयोगका लागि सजक बनाई बाल अधिकार हनन् बिरुद्ध प्रतिकार गर्न र निर्णायक तहमा वकालत गर्न नेतृत्व बहन क्षमता विकास गर्ने ।

छ) गाउँपालिका र यस क्षेत्रभित्र अन्य सरोकारवालाबाट निर्माण गरिने संरचनाहरु (जस्तै भवन, खानेपानी धारा, सौचालय आदि) बालमैत्री बनाउन मापदण्ड बनाई लागु गर्ने ।

ज) बाल क्लब तथा बाल संजालका पदाधीकारीहरुलाई बाल सहभागिता सम्बन्धी तालीमहरु संचालन गरी बालबालिकासंग सम्बन्धित सवालमा प्रतिनिधित्व गर्न सक्ने क्षमताको विकास गर्ने ।

झ) अभिभावक तथा समुदाय तहका अन्य सरोकारवालालाई बाल अधिकार र बाल संरक्षण विषयक तालिम तथा अन्तरक्रिया र विभिन्न जनचेतनामूलक अभियानमा सहभागी गराई बालमैत्री व्यवहार अवलम्वन गर्न र बालमैत्री संरचना निर्माण गर्दा सम्वेदनशिलता अपनाउन अभिप्रेरित गर्ने ।

**५.१.४.सरोकावाला बिच समन्वय तथा साझेदारी**

बालबालिका सबैको सरोकारको बिषय भएकोले पनि बालबालिकाको सर्बोत्तम हितका लागि परिवार, राज्य लगायत सबै सरोकरवाला बिच समन्वय र सहकार्य हुन जरुरी छ । स्थानीय तहमा बालमैत्री स्थानीय शासन पद्धती र बालमैत्री कार्यप्रणाली तथा व्यवहारको विकास गर्न गाउँपालिका लगायत सबै सार्बजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, बालबालिका स्वम र परिवार वा समुदायको समेत कार्य भूमिका निर्धाण गरी जिम्मेवारी तोकिएको छ ।





गाउँपालिकाले बाल अधिकार प्रबर्द्धन र बाल संरक्षणका लागि योजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन तहमा गाउँपालिकाका सबै संयन्त्रहरु र यसक्षेत्र भित्र कार्यरत सबै सरोकारवाला निकायहरुसंग नियमित निकटतम समन्वय र साझेदारीको प्रक्रिया अवलम्वन गर्नेछ । बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमको प्रकृति र सवालको आधारमा आबश्यकता अनुसार समन्वय तथा आर्थिक साझेदारी वा कार्यगत सझेदारी गर्ने छ ।

**५.२. बालबालिका सम्बन्धी नीतिको अनुगमन प्रणाली :**

ऐरावती गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई बालबालिका सम्बन्धी नीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक समिक्षा गरिनेछ । गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमबाट बालबालिकाको क्षेत्रमा भएको लगानी र सो को प्रगति बारेमा नियमित अनुगमन गरी तयार गरिएको प्रगति प्रतिवेदन वार्षिक समिक्षा बैठकमा पेश गरिनेछ । अनुगमन प्रतिवेदनमा प्रस्तुत गरिएको सुझावका आधारमा बालबालिकाको विकास र संरक्षणको लागि आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाले जारी गरेको बाल नीतिको प्रभावकारी कार्यान्वयनका लागि बाल नीति अनुगमन तथा निर्देशन समिति गठन गरि जिम्मेवारी तोकीएको छ ।

**१) बाल नीतिको अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपीलिकाका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) शिक्षा शाखा प्रमुख | सदस्य |
| ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| च) सामाजिक बिकास समिति वा शाखा प्रमुख | सदस्य |
| छ) स्थानीय प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ज) गाउँपालिकास्तरीय बाल सञ्जालको अध्यक्ष | सदस्य |
| झ) महिला बालबालिका तथा जेष्ठ नगारीक शाखा प्रमुख | सदस्य सचिव |

**२) बाल नीति अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको वर्षको कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाहरुको सहभागितामा बार्षिक प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि आगामी कार्ययोजना बनाई लागु गर्न गाउँपालिका समक्ष सिफारिस गर्ने ।

ग) स्थानीय नीति, कानुन तथा योजनाको नियमित अनुगमन तथा पुनरावलोकन गरी बालमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) बालबालिकाको अवस्था बिश्लेषण गरी खढिडकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्न वडा कार्यालय र सुचना शाखालाई निर्देशन गर्ने ।

ङ) बालबालिका तथा किशोरीको सामाजिक जागरण तथा व्यक्तित्व विकासका वाधक तत्व वा विभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रमहरु संचालन गर्न सिफारिस तथा समन्वय गर्ने ।

च) बालबालिका माथि हुने विभेद, हिंसा र विभिन्न खाले शोषण वा दुरव्यवहार हरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) बालमैत्री स्थानीय शासन प्रणाली अवलम्वनका लागि नियमित अनुगमन गरी सुधारका लागि आबश्यक सुझाव सहित निर्देशन गर्ने ।

ज) असाह्य, बेवारिसे वा संरक्षण बिहिन वा बिभिन्न जोखिममा परेका बालबालिकाहरुको तथ्यांक अद्याबधिक भए नभएको अनुगमन गरी तथ्यांक अद्याबधिक गर्न र सोही अनुरुप योजना बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने ।

झ) बाल बिबाह न्यूनकरणका लागि बार्षिक वा आबधीक कार्य योजना बनाई लागु गर्न अभिप्रेरित गर्ने ।

ञ) बिपद, महामारी, हिंसा, श्रमशोषण, बेवारिसे, असाह्य वा संरक्षक बिहिन वा परिवारमा पुनस्थापना गर्न नसकिने जोखिमयुक्तयुक्त अवस्थाका बालबालिकाहरुको संरक्षण तथा हेरचाहका लागि बैकल्पीक हेरचाहको व्यस्था गरी निरन्तरताका लागि आवश्यक स्रोतको खोजी तथा व्यबस्थापन गर्न निर्देशन गर्ने ।

### ३) वडास्तरको निर्देशन तथा अनुगमन समिति :

बाल नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन तथा समिक्षा गरी आबश्यकता अनुसार व्यबस्थापन तथा सुधार गर्नका लागि वडा तहमा देहायका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहने गरी वडास्तरको उपसमिति गठन गरि परिचालन गरिनेछ ।

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडाका सबै सदस्यहरु | सदस्य |
| ग) वडास्तरको वाल संजालको अध्यक्ष | सदस्य |
| घ) बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्थाबाट १ जना | सदस्य |
| ङ) वडा सचिव | सदस्य सचिव |





### ४) वडा उपसमितिको काम, कर्तब्य र अधिकार :

क) हरेक चौमासिक रुपमा बैठक बसी वडामा बालबालिका सम्बन्धी तय गरिएका योजना र कार्यान्वयन प्रक्रियाको बारेमा समिक्षा गरी आबश्यक सुधारका लागि सुझाव सहित बिकल्पहरु तयार गर्ने ।

ख) वडामा बालबालिका सवालका सम्बन्धमा बिद्यालय, प्रहरी, बिद्याथी र अभिभावक बिचमा बार्षिक रुपमा अन्तरक्रिया गरी आबश्यक सुझावहरु संकलन गरी आगामी योजनामा पेश गर्न सिफारिस गर्ने ।

ग) वडा तहमा बालबालिकाको खण्डिकृत तथ्यांक संकलन तथा अद्याबधीक गरी उनीहरुको अवस्था बिश्लेषण गरी योजनामा समाबेश गर्न सिफारिस गर्ने ।

घ) वडामा बिभिन्न जोखिममा परी बिशेष संरक्षणको आबश्यकता भएका बालबालिकाहरुको पहिँचान गरी बैकल्पीक हेरचाहको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

ङ) वडा तथा बस्तीस्तरमा बालमैत्री योजना तर्जुमा तथा कार्यान्वयन भए नभएको अनुगमन गरी बालमैत्री बनाउन सिफारिस तथा तथा निर्देशन गर्ने ।

| क्र.सं | संभावित जोखिम | जोखिम न्युनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | बालबालिका र बाल अधिकार सम्वन्धि समान बुझाईको अभाव हुनु । | बालबालिका सबैको सरोकार भएको र बाल अधिकारको संरक्षण र प्रबर्द्धन सम्बन्धी तालीम तथा क्षमता बिकास गराई समान बुझाई बनाउने । | |
| २ | बालबालिकाको बिकास र बाल अधिकार संरक्षणको बिषय प्राथमितामा नपर्नु । | बाल अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनको बिषयमा ब्यबापक जानकारी गराई बार्षिक योजनामा राख्न अभिप्रेरित गर्ने । | |
| ३ | स्थानीय स्रोतको अपर्याप्तता तथा सिमित श्रोतबाट असिमति आवश्यकताहरु सम्बोधन गर्न कठीनाई हुनु । | ■ आबश्यकतामा आधारीत योजना तथा कार्यक्रमहरुमा न्यायोचीत बितरण प्रणालीको बिकास गर्ने ।<br>■ योजना निर्माण तथा कार्यानवयनमा बाल संबेदनशिलता अभिबृद्धि गर्न स्थानीय प्रतिनिधी तथा जनशक्ति र सरोकारवालाको क्षमता बिकास गर्ने । | |
| ४ | बालमैत्री संरचना निर्माण तथा बालमैत्री ब्यबहारले ब्यबहारीकता नपाउनु । | बालबालिका प्रतिको दायित्व बोध गराई बालमैत्री संरचना र ब्यबहार अवलम्वनका लागि नियमित अनुगमन तथा सहकार्य गर्ने । | |
| ५ | वडास्तरबाट नै बालबालिकासँग सम्वन्धित योजना तथा कार्यक्रमहरु प्राथमिकतामा नपर्नु । | बालबालिकाहरुको अर्थपूर्ण सहभागितामा योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने नीतिगत प्राबधानको अनिबार्य पालना गर्ने । | |
| ६ | खण्डिकृत तथ्याङ्क तथा अवस्था बिश्लेषणको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । | |





## परिच्छेद ७
## कानुनी व्यवस्था तथा पुनरावलोकन

### ७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

गाउँपालिकाले बालबालिकाको सर्बोत्तम हितका लागि जारी गरेको बालबालिका सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि बालबालिका नीति सम्बन्धी कार्यान्वयन कार्यविधि वा नीति कार्यान्वयन निर्देशिका बनाइ लागु गर्ने । बालबालिकाको प्रमुख सवालको रुपमा रहेको बाल विवाह न्यूनकरण सम्बन्धी रणनीतिक योजना वा निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

### ७.२. नीतिको पुनरावलोकन तथा सुधार

यस बाल नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्ततता र उपादेयताको नियमित मूल्याङ्कन तथा पुनरावलोकन वा समिक्षा गरी आवश्यकता अनुसार समसामयिक विषयहरुमा आवधिक रुपमा परिमार्जन एवं सुधार गरिने छ ।

प्रमाणीकरण मिति :

आज्ञाले
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

ऐरावती गाउँपालिका

# स्थानीय राजपत्र

ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) बरौला, प्यूठान फागुन २९ गते, २०७८ साल (संख्या ४

भाग २
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बरौला, प्यूठान

ऐरावती गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित नीति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

ऐरावती गाउँपालिकाको लै.स.सा.स.सम्वन्धी नीति, २०७८

## परिच्छेद १
## लै.स.सा.स. नीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचित्य

### १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनाले लैंगिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी, सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गने संकल्प गरेको छ । त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा





२९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हकको व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघीय संरचना अनुरुप स्थानीय सरकारलाई स्वायत्त निकायको रुपमा कार्य गर्ने अधिकार क्षेत्र निर्धारण गरे बमोजिम राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, कानुन र प्राबधानलाई आधार मानेर स्थानीय नीति तथा कानुन बनाई लागु गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले सशस्त्र द्वन्दको समय र द्वन्द पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ। सन १९९५ को बेइजिङ घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ। दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ ।

बिभिन्न समयमा नेपाल सरकारले जारी गरेका राष्ट्रिय कानुन तथा नीतिहरु र नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरेका अन्तराष्ट्रिय प्रावधानहरु साथै स्थानीय सरकार वाट निर्माण गरी जारी गरिएका स्थानीय कानुन तथा नीतिहरुले स्थानीय तह देखि नै लैंगिक समानता र सामाजिक समावेशीकरण अवलम्वन गर्नका लागि मार्गनिर्देश गरेको छ । जनतासंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्दै लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित बितरण गरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा

आधारित समाज निर्माण, कानुनी राज्य, दिगो विकास र आर्थिक समृद्धिको अवधारणालाई स्थानीय तहदेखि नै सुदृढ गर्न लैंगिक समानता तथा समाजिक समावेशीकरण नीतिको आवश्यकता महशुस गरी ऐरावती गाउँपालिकाबाट लैससास नीति निर्माण गरी लागू गरिएको छ ।

## १.२ ऐरावती गाउँपालिकाको परिचय :

प्यूठान जिल्लाको नौ वटा स्थानीय तहहरु मध्ये ऐरावती गाउँपालिका जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्ला, पश्चिममा सरुमारानी र माण्डवी गाउँपालिका, उत्तरमा मल्लरानी र माण्डबी गाउँपलिका र दक्षिणमा सरुमारानी गाउँपालिकासंग सीमान जोडिएको छ । प्रशासनिक तथा संरचनागत हिसाबले ६ वटा वडाहरु रहेको यस गाउँपालिकामा केही सुगम वडा तथा बस्तीहरु रहेको र अधिकांश वडा दुर्गम एबं बिकट बस्तीहरुले समेटिएको छ ।

यो गाउँपालिका १५६.७५ बर्ग किलो मिटर क्षेत्रफलमा फैलिए पनि ६२.८१ प्रतिशत जमिन बनजंगलले ओगटेको छ । समुन्द्र सतहबाट ३७८ मिटर देखि १६८८ मिटर सम्म्को उचाईमा अवस्थित छ । प्राकृतिक सम्पदाको हिसावले कृषिको लागि उर्वर माटो हुनुका साथै जलाधार भएको गाउँपालिका हो । यहाँको खाद्यान्न तथा प्रमुख अन्नबाली धान, गहु, मकै, कोदो, मास, रहर फापर आदि हन् । त्यसैगरी धार्मिक तथा ऐतिहासिक महत्वका सम्पदाहरुमा बिजुलीकोट, ऐरावती लगायतका मठ मन्दिरहरु रहे का छन् ।

ऐरावती गाउँपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना. २०६८ अनुसार यस गाउँपालिकामा ४६५० घरधुरी र २२३९२ जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या १२७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९६६५ (४३.१६ प्रतिशत) रहेको छ । जातजातिगत हिसावले मगर जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा बि.सं. २०६८ को जनगणना अनुसार मगर जातीको संख्या ३५.२० प्रतिशत, क्षेत्री २१.२३, दलित १९.४८ प्रतिशत, अन्य जनजाती १०.०५ प्रतिशत, ब्राह्मण ९.६२ प्रतिशत, ठकुरी २.१६ प्रतिशत र अन्य जाती २.२४ प्रतिशत छन् । त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको संख्या ५०९ (२.२७ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको जनघनत्व प्रति वर्ग कि.मि. १४३ रहेको छ। गाउँपालिकामा प्रति परिवार को औसत आकार ४.८२ जना सदस्य रहेको छ भने लैङ्गिक अनुपात ७५.९४ र जनसंख्या वृद्धिदर १.६८ रहेको पाइन्छ। उमेर समूहको आधारमा १९ बर्ष सम्मको बालबालिकाको संख्या ५४.१४ प्रतिशत अर्थात १२१२२ जना रहेको पाइन्छ ।





यस गाउँपालिकामा शैक्षिक बिकासको अवस्था हेर्दा गाउँपालिकामा जम्मा ४४ वटा शिक्षण संस्थाहरु रहेकोमा ६ वटा माध्यमिक बिद्यालय, ५ वटा निम्न माध्यमिक बिद्यालय र ३३ वटा प्राथमिक बिद्यालय छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको ६ बर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ७१.१५ प्रतिशत छ । जसमध्ये पुरुषको साक्षरता दर ८२.२६ र महिलाको साक्षरता दर ६३.१५ प्रतिशत रहेको पाइन्छ । जनजाती र दलितको बाहुल्यता रहेको र आर्थिक सामाजिक हिसावले यिनै समुदाय पछाडी परेकोले गर्दा शिक्षण संस्थाहरुको बिकास भएपनि सबै जातजाती, लिंग र बर्ग समुदायका बालबालिकाको समान रुपले बिद्यालय भर्ना हुन सकेको छैन र बिद्यालय भर्ना भएकाहरु मध्ये पनि बिचैमा बिद्यालय छोड्ने प्रबृत्ति अझैपनि कम हुन नसकेको देखिन्छ ।

## १.३. ऐरावती गाउँपालिकाको बर्तमान स्थिति :

ऐरावती गाउँपालिका आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रशस्त सम्भावना बोकेको गाउँपालिका मानिए पनि बर्तमान स्थिति हेर्दा यस गाउँपालिकाले आर्थिक सामाजिक क्षेत्रमा प्रशस्त लगानी तथा सकारात्मक प्रयासहरु गर्नु पर्ने देखिन्छ । जनजाती र दलितको बाहुल्यता रहेको यस गाउँपालिकामा उक्त समुदायका अधिकांश ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन । यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहे पनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार हुन नसकेकोले कृषिमा स्थानीय बासिन्दाहरुको उत्साहजनक आकर्षण भएको पाइदैन ।

गाउँपालिका क्षेत्रभित्र उद्योग तथा कलकारखानाको बिकास नभएको र सडक संजालको बिकास क्रम शुरुवात भएपनि कच्ची सडकमात्र भएको, बिद्युतीकरण गरि एपनि न्यून आय भएका परिवारहरुले नियमित बिजुली सेवा लिन समेत कठिन रहे को अवस्था छ । गाउँपालिकाको कूल जनसंख्या मध्ये १५ देखि ५९ बर्ष उमेर समूहका आर्थिक हिसावले सक्रिय जनशक्ति ४८.४९ प्रतिशत भएपनि गरिवी र बेरोजगार ीका करण अधिकांस यूवाशक्ति छिमेकी मुलुक भारत र खाडी मुलुकमा जान बाध्य छन् । यसरी गाउँपालिकाबाट आर्थिक हिसावले सक्रिय जनशक्ति बाहिरिदै जाने हो भने स्थानीय तहको समग्र बिकासमा युवा जनशक्तिको अभाव रहने देखिन्छ । लैंगिक हिसावले महिलाहरु घरधन्दा र पारिवारिक कृषि कार्यमा बढी केन्द्रित रहेको पाइन्छ भने पुरुषहरु विभिन्न पेशामा आधारित आयआर्जन तर्फ क्रियाशिल रहेको पाइन्छ ।

यस गाउँपालिकामा मा.बि. तहसम्मको शिक्षा हासिल गर्न सक्ने व्यवस्था भएपनि गरिवीका कारण अझैपनि सबै जातजाती, बर्ग समुदायका बालबालिकाले समान रुपमा उच्च शिक्षा हासिल गर्न नपाएको र बिचैमा बिद्यालय छोड्नु पर्ने बाध्यता रहेको छ । बाल विवाह सम्बन्धमा कानुनले २० वर्ष उमेर निर्धारण गरेता पनि यस गाउँपालिकामा बाल विवाहको अवस्था भयावह र चुनौतीपुर्ण मानिन्छ । राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्बेक्षण २०११ अनुसार १५ देखि १९ बर्षका किशोरीहरुको बाल बिबाह १७ प्रतिशत रहेको अर्थात तुलनात्मक रुपमा बढ्दो क्रममा रहेको देखिन्छ । त्यसैगरी प्लान नेपाल लगायत अन्य संस्थाहरुले सन २०१२ मा गरेको सर्बेक्षणको अध्ययन प्रतिबेदन अनुसार किशोरीहरुको बाल बिबाह २६.७ प्रतिशत र किशोरहरुको बाल बिबाह ५.८ प्रतिशत रहेको देखिनुले बाल बिबाहबाट प्रत्यक्ष प्रभावित किशोरीहरु रहने स्पष्ट हुन्छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार उमेर समूहका आधारमा बाल बिबाहको आकडा हेर्दा १० बर्षको उमेर समूहमा १.३१ प्रतिशत, १० देखि १४ बर्षको उमेर समूहमा ९.९५ प्रतिशत र १५ देखि १९ बर्षको उमेर समूहमा ५५.१५ प्रतिशत बाल बिबाह भएको देखिन्छ । यस गाउँपालिकामा स्वास्थ्य संस्थाको रेकर्ड हेर्दा पनि १५ देखि १९ बर्ष उमेर समूहका किशोरीहरु गर्भवती सेवा लिन आएको रेकर्डले बाल विवाहको अवस्था अत्यन्त भयावह छ भन्ने जनाउछ ।

समाजमा बिद्यमान परम्परागत वा हानीकारक मुल्य मान्यता कायमै रहनुले लैंगिक बिभेद, सामाजिक असमानता, जातीय बिभेद, लैंगिक हिंसा तथा घरेलु हिंसा जस्ता कुरीति र कुसंस्कारले प्रश्रय पाइरहेको पाइन्छ । महिलाको आर्थिक सशक्तिकरणका लागि नीतिगत रुपमामा सकारात्मक प्रयासहरु भएपनि राष्ट्रिय जनगणना २०६८ अनुसार ११ प्रतिशत महिलाको नाममा घरको स्वामित्व छ भने १६.८४ प्रतिशत महिलाको नाममा जग्गाको स्वामित्व रहेको तथ्यांकले पारिवार भित्रको स्रोतमा महिलाको पहुँच र नियन्त्रणको कमजोर अवस्था स्पष्ट पार्दछ । त्यसैगरी शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक वा न्यायिक पहुँच हुन सकेको देखिदैन । गाउँपालिकाबाट लैंगिक समानता तथा समावेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारत्मक प्रयासहरु अवलम्वन गरिए पनि यसको प्रभावकारिता र निरन्तर ताका लागि नीतिगत ब्यबस्था सहित बिकास प्रक्रिया थालनी गर्नु आबश्यक देखिन्छ । सुशासनको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग,





जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ । त्यसैगरी विद्यमान लैगिक बिभेद, घरेलु हिंसा, लैंगिक हिंसा, बाल हिंसा, बाल बिबाह, जातीय बिभेद तथा बिभिन्न सामाजिक विभेदहरुको अन्त्य गरी सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि नीतिगत रुपमा नियमन गर्न जरुरी छ ।

**१.४. संक्षेपित शब्दावली र परिभाषा**

**१.४.१. संक्षिप्त नाम : यस** नीतिको नाम लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७ रहेकोछ । यो नीति गाउँपालिकाले स्विकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**१.४.२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

**क) नीति** भन्नाले ऐरावती गाउँपालिकाको लैससास निति २०७७ लाई सम्झनु पर्दछ ।

**ख) गा.पा.** भन्नाले ऐरावती गाउँपालिकालाई सम्झनुपर्दछ ।

**ग) लैससास** : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनुपर्दछ ।

घ) **CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघ महासभाले पारित गरेको हो र नेपालले २२ अप्रिल १९९१ मा कुनै शर्त विना अनुमोदन गरेको छ ।

ङ) **CRC :** बाल अधिकार महासन्धी (Child Rights Convention) संयुक्त राष्ट्रसंघ महासभावाट सन १९८९ नोभम्वर २० मा पारित र नेपालले १४ सेप्टेम्वर सन १९९० मा अनुमोदन गरेको ।

च) **BPFA** बेइजिङ कार्ययोजना (Beijiing Platform of Action) सन १९९५ मा सम्पन्न बेइजिङ्ग सम्मेलनले महिला सरोकारका १२ वटा मूख्य विषयहरु छनोट गरेको थियो ।

**छ) लैङ्गिकता (Gender)** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

**ज) लैङ्गिक मूलप्रवाहीकरण** (Gender Mainstreaming) : गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम, बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

**झ) लैङ्गिक समानता (Gender Equality) :**समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

**ञ) सामाजिक समाबेशीकारण (Social Inclusion)** : समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जात, समुदाय लगायत वञ्चित वर्गलाई मूलप्रवाहमा ल्याउनको लागि देखापर्ने वाधा अवरोधहरूलाई हटाई उनीहरूलाई विकासका अवसरहरूमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नु हो ।

**ट) सामाजिक बञ्चितिकरण (Social Exclusion)** : लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ठ) लैङ्गिक संवेदनशिल** (Gender Sensetive) : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**ड) लैंगिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

### १.५. लैससास नीतिको औचित्यता :

नेपालको संविधानमा व्यवस्था भए अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई अधिकार क्षेत्र निर्दिष्ट गरेको छ । त्यसैगरी लैंगिक समानता तथा सामाजिक समावेशीताकरण सम्बन्धमा जारी गरिएका राष्ट्रिय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरुको स्थानीयकरण गरी समाजमा रहेको असमानता, कुरीति, कुप्रथा, लैंगिक भेदभाव र घरेलु तथा लैंगिक हिंसा अन्त्य गरी समान पहुँच र अवसर प्रदान गर्दै न्यायपूर्ण समाजको स्थापना गर्न लैससास नीतिको औचित्यता रहेको बिषयमा निम्न बुँदाले स्पष्ट पार्दछन् ।

क) लैससास नीतिले गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी बजेट तथा योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न मार्गनिर्देश गरेको छ ।





ख) लैससास नीतिले समाजमा बिद्यमान हानीकारक गलत सामाजिक अभ्यास, लैगिक बिभेद, लैगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, र जातीय बिभेद तथा सामाजिक असमानता बिरुद्ध निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैगिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन अभिप्रेरीत गरेको छ ।

ग) लैंससास नीतिले सरोकारवाला सबै निकायको कार्य भूमिका निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन गरेकोले समग्र बिकासमा लैंगिक तथा सामाजिक समाबेशी मूल प्रबाहीकरणमा टेवा पुग्ने देखिन्छ ।

घ) लैससास नीतिले समन्वय र साझेदारीको अवधारणा बिकास गरी गाउँपालिका लगायत यसक्षेत्र भित्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्थालाई लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयन र लैंगिकमैत्री कार्य व्यवहार अवलम्वन गर्न अभिप्रेरीत गरेको छ ।

ङ) लैससास नीतिले लैंगिक समानता र सामाजिक समाबेशीकरणका लागि नीतिगत ब्यबस्था र कार्यान्वयन भए नभएको सन्दर्भमा अनुगमन तथा निर्देशनको समेत ब्यवस्था गरेकोले लैससासमैत्री शासन ब्यबस्था अवलम्वनका लागि मार्गनिर्देश गरे को छ ।

च) लैससास नीतिले बिशेष गरी समाजमा लैंगिक तथा आर्थिक सामाजिक हिसावले बञ्चितिमा परेका ब्यक्ति वा समुदायको पहिँचान, पहुँच र प्रतिनिधित्वको लागि मार्ग प्रसस्त गर्दछ ।

## परिच्छेद २

## लैससासमैत्री शासनप्रणालीका लागि मुख्य समस्या तथा चुनौती र अवसरहरु

### २.१. लैससास प्रणली अवलम्वनका मुख्य समस्याहरु :

ऐरावती गाउँपालिकाको बिद्यमान सामाजिक संरचाना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतिक तथा सामाजिक जागरण लगायतका बिद्यमान अवस्थाले गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सहज स्वीकार्यता र व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ । जसलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

क) घर-परिवार लगायत समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक बिभेद, सामाजिक असमानता र सामाजिक बञ्चितीकरणको अवस्था विद्यमान छ ।

ख) संघीय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयन गर्न ढिलाई गरिनुले लैंगिक बिभेद, सामाजिक असमानता र पछौटे पन घट्न सकेको छैन ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा लैंगिक सवाल तथा सामाजिक समावेशीकरणका विषयले प्राथमिकता पाउन सकेको छैन ।,

घ) विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नहुदा लक्षित बर्ग समुदायका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

ङ) लक्षित व्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिचानको आधार मा वार्षिक योजना तथा कार्यक्रम निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन सकेको छैन ।

च) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति तथा कार्यक्रमको व्यवस्था नहुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

छ) लैंगिक उत्तरदायी योजना तथा बजेट निर्माण नहुनु र सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुदा सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

ज) लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमले प्राथमिकता नपाउदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन सकेको छैन ।

**२.२. लैससासमैत्री प्रणाली अवलम्वनमा देखा परेका चुनौतीहरु :**

क) हानिकारक सामाजिक मूल्य मान्यता, पितृसत्तात्मक सामाजिक परम्परा र बिभेदपुर्ण लैङ्गिक भूमिकाले प्रश्रय पाइरहनु ।

ख) ग्रामीण महिलालाई नेतृत्व विकास सहित नीति निर्माण तहमा प्रतिष्पर्धा गर्न व्यवहारिक तथा सामाजिक र नीतिगत कठिनाइ रहनु ।

ग) निर्णायक भूमिकामा रहेका महिला नेतृत्वको समय सापेक्ष निर्णायक क्षमताको अभिवृद्धि गर्न नसक्नु ।

घ) समाजमा व्याप्त घरेलु हिंसा र लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बृद्धिका लागि प्रतिबद्वता सहितको कार्यान्वयन प्रणालीको विकास हुन नसक्नु ।

ङ) समाजमा बिद्यमान हानीकारक कुरीति, कुप्रथा, सामाजिक असमानता र लैंगिक बिभे दहरु कायमै रहनु ।





च) लैंगिक समानता र सामाजिक समावेशीकरण प्रक्रियाको आन्तरिकीकरण गरी संस्थागत गर्ने कुरामा संस्थागत तत्परता र नीति तथा योजनामा लैंगिक सवे दनशिलताको कमी रहनु ।

छ) लैससास उत्तरदायी बजेट तथा योजना निर्माणले प्राथमिकता पाउन नसक्नु ।

ज) समाजमा महिला पुरुषको समान अस्तित्वको स्वीकार्यता र श्रम बजारमा महिलाको श्रमको उचित मूल्यांकन नगरिनु ।

झ) हिंसा पीडित तथा अति जोखिममा रहेका महिला, किशोरी र बालिकाको संरक्षणको लागि बैकल्पिक हेरचाह तथा सुरक्षाको सुनिश्चितता नहुनु ।

ञ) महिला, दलित जनजाती लगायत सामाजिक रुपले पछाडी पारिएका व्यक्ति वा समुदायको समानुपातिक प्रतिनिधित्वलाई सहर्ष स्विकार गर्न नसक्नु ।

**२.३. लैससासमैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु :**

क) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।

ख) राज्य पुनर्सरचना अनुरुप तीन तहको सरकार मध्ये जनताबाट सबैभन्दा निकट रहेको स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आबश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट् याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिने ।

घ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परे का व्यक्ति तथा समुदायको उत्थान र सशक्तिकरणका लागि संरचना निर्माण साथै संस्थागत विकास तर्फ सकारात्मक प्रयासहरुको थालनी हुनु ।

ङ) स्थानीय तहमा क्रियाशिल बिभिन्न संजाल र गैरसरकारी संस्थाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु ।

च) बिभिन्न संचार माध्यमबाट लैससाससंग सम्बन्धित सवालहरु उठान गर्ने र सम्बो धनका लागि सम्बन्धित सरोकावालाको ध्यानाकर्षण गर्ने कार्यले निरन्तरता पाउनु ।

छ) लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकार वालाबाट क्षमता बिकास सम्बन्धी कार्यक्रममा सहयोग बढेको छ ।

## परिच्छेद ३

## नीतिको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यहरु

### ३.१. दीर्घकालिन सोंच :

लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समृद्ध गाउँपालिका निर्माण ।

### ३..२. लक्ष्य :

सुशासनमा आधारित स्थानीय साशन प्रणालीको बिकास गरी समग्र बिकास प्रक्रियामा लैगिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्रबाहीकरण गर्ने ।

### ३.३. उद्देश्यहरु :

१) समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

२) गाउँपालिकाले नीतिगत र संरचनागत व्यवस्था गरी महिला, एकल महिला, दलित, अपांग, जेष्ठ नागरीक, बालबालिका लगायत पछाडि परेका वर्ग, समुदायलाई सशक्तिकरण माध्ययबाट स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने ।

३) स्थानीय स्रोत तथा लाभहरुको न्यायोचित बितरण प्रणाली र लैंगिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।

४) सबै प्रकारका महिला, जनजाति, दलित, यौनिक तथा लैंगिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र वञ्चितिकरणमा परेका व्यक्तिको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि गर्ने ।

५) गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी, नीजि तथा गैरसरकारी संघ संस्थाको शासन प्रणाली र सेवा प्रवाहमा लैंगिक सवेदनशिलता अभिबृद्धि गर्न निरन्तर समन्वय र सहकार्य गर्ने ।





## परिच्छेद ४.

## प्रमुख नीति तथा रणनीति र कार्यनीतिहरु

### ४.१. प्रमुख नीतिहरु :

ऐरावती गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव वञ्चित व्यक्ति, समुदायले सामाना गर्नु परेका लैंगिक बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समृद्ध गाउँपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पार्न ऐरावती गाउँपालिकाले निम्न बमोजिमका लैससास सम्बन्धी प्रमुख नीतिहरु तय गरी लागू गरेको छ :

१) लैंगिक बिभेद, सामाजिक असमानता, बाल बिबाह, हानीकारक गलत सामाजिक अभ्यास तथा कुप्रथा र कुरीति बिरुद्ध सकारात्मक बिभेदको नीति कार्यान्वयनलाई निरन्तरता दिदै बिद्यमान कानुन तथा नीतिको पुनरावलोकन गरी निरोधात्मक एवं नियमनकारी नीति अंगीकार गर्ने ।

२) समाजमा बिद्यमान लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र यौनजन्य दुरब्यबहार बिरुद्ध सून्य सहनशिलता अवलम्वन गर्न नियमनकारी ब्यबस्था लागु गर्ने ।

३) लैंगिक संवेदनशील कार्यप्रणाली तथा लैंगिक उत्तरदायी संयन्त्रहरुको व्यवस्थापन गरी परिचालन गर्ने ।

४) बिपन्न तथा बञ्चितीमा परेका ब्यक्ति, समुदायको स्वरोजगारका अवसरमा लैंगिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक सशक्तिकरण गर्ने ।

५) नीति निर्माण तथा निर्णायक तहमा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागू गर्ने ।

### ४.२. लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि लैंगिक सवेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकासको आवश्यकता पर्दछ । सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिन्छ । गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे अनुरुप स्थानीय तहका समग्र संरचना र विकासका योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री कार्यप्रणालीको विकास गरी संस्थागत गरिनेछ । गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिलाई पुर्ण रुपले अवलम्वन गर्नका लागि विभिन्न रणनीति तथा कार्यनीति तय गरिएको छ । प्रमुख नीतिमा आधारित रणनीति तथा कार्यनीति निम्न बमोजिम उल्लेख गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १) लैंगिक बिभेद, सामाजिक असमानता, बाल बिबाह, हानीकारक गलत सामाजिक अभ्यास तथा कुप्रथा र कुरीति बिरुद्ध सकारात्मक बिभेदको नीति कार्यान्वयनलाई निरन्तरता दिदै बिद्यमान कानुन तथा नीतिहरुको पुनरावलोकन गरी निरोधात्मक एवं नियमनकारी नीति अंगीकार गरिनेछ । | |
| रणनीति १. गाउँपालिकाको बिद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधार उन्मुख अभ्यासद्वारा लैंगिक तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने । | ▪ गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br>▪ लैससास नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।<br>▪ नीति निर्माण तथा निर्णायक तहमा महिला, एकल महिला, दलित, जनजाती, अपांग, अति बिपन्न लगायत बञ्चित व्यक्ति, समुदायको प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता बढाउन क्षमता विकास गर्ने ।<br>▪ महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।<br>▪ लैंगिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समुहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने ।<br>▪ वडा तथा समुदाय तहसम्म लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास नीति सम्बन्धमा अभिमुखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।<br>▪ नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैंगिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br>▪ बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने । |
| २) समाजमा बिद्यमान लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अवलम्वन गर्न नियमनकारी ब्यबस्था लागु गर्ने । | |





| | |
|---|---|
| २) समाजमा बिद्यमान लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अवलम्वन गर्न नियमनकारी ब्यबस्था लागु गर्ने । | |
| रणनीति २. संरक्षणकारी व्यवस्था र निरोधात्मक उपायहरु मार्फत लैंगिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने । | ▪ लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने,<br>▪ गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ बिशेष हेरचाहको आवश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा तथा यौनजन्य दुरव्यवहार, जातीय बिभेद वा छुवाछुछ, र गतल सामाजिक अभ्यास वा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामुलक कार्यक्रम संचालन गरी हिंसा वा दुरव्यवहार बिरुद्ध बकालत तथा प्रतिकार गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपानाउनु पर्ने विषयहरु समावेश गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारीका लागि लैंगिकमैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण गर्ने ।<br>▪ गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधीलाई लैससास नीतिको बारेमा अभिमुखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा सार्वजनिक तथा कार्यस्थालमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।<br>▪ लैंगिक बिभेदमा आधारीत हिंसा, जातीय बिभेद तथा छुवाछुत, र सामाजिक असमानता बिरुद्ध सामाजिक अभियान संचालन गर्न क्रियाशिल सबै सरोकारवाला निकाय बीच समन्वय र सहकार्य गर्ने ।<br>▪ प्राकृतिक बिपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला र बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।<br>▪ बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनस्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।<br>▪ गिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने । |

| | |
|---|---|
| ३) लैंगिक संवेदनसिल कार्यप्रणाली तथा लैंगिक उत्तरदायी संयन्त्रहरुको व्यवस्थापन गरी परिचालन गर्ने । | |
| रणनीति ३<br>लैंगिक समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने । | ▪ नियमित सेवा प्रवाहलाई लैससासमैत्री, अपांग मैत्री र बालबालिकामैत्री बनाइनेछ ।<br>▪ गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने ।<br>▪ गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br>▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई व्यबस्थीत बनाई परिचालन गर्ने ।<br>▪ गाउँपालिकाका संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।<br>▪ गाउँपालिका र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।<br>▪ गाउँपालिका लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।<br>▪ नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।<br>▪ लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।<br>▪ स्थानीय स्रोत र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चिततका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ लैससास नीति कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र अन्तर्गतका अन्य सेवा प्रदायक निकाय र स्थानीय जनता वीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।<br>▪ सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।<br>▪ महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने । |
| ४) बिपन्न तथा बञ्चितिमा परेका व्यक्ति, समुदायको स्वरोजगारका अवसरमा लैंगिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने । | |





| | |
|---|---|
| रणनीति ४.<br>उद्यमशिलता बिकास गरी विपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने । | ▪ गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत बञ्चित व्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br>▪ स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।<br>▪ आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br>▪ विपन्न एबं बञ्चित ब्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br>▪ बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br>▪ प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने । |
| ५) नीति निर्माण तथा निर्णायक तहमा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने । | |
| रणनीति ५<br>बिपन्न तथा पछाडी पारिएका र बञ्चित ब्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने । | ▪ स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br>▪ स्थानीय तहमा हाल निर्णायक भुमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br>▪ स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्वि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भुमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षीत ब्यक्ति वा समुदायको लैंगिक तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गने, गराउने ।<br>▪ उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ गाउँपालिका तहमा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तजुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने । |

## परिच्छेद ५
## लैससास नीति कार्यान्वयन पद्धती तथा अनुगमन प्रणाली

### ५.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन पद्धती

लैससास नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास नीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षे त्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकार वाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास नीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

### ५.१.१. लैससास नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास नीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ। सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागाता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ। लैससास नीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिकास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।





घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेर चाहको ब्यबस्था सुनिश्चित गर्ने ।

### ५.१.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षे त्रभित्रका सबै सरोकारवाला निकायले दायीत्व बोध गर्नु जरुरी छ । लैससास नीतिले ऐर ावती गाउँपालिका लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास नीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमो जिम उल्लेख गरिएको छ ।

| जिममेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| ऐरावती गाउँ कार्यपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मुलप्रवाहीकरण सुनिश्चितताका लागि नीति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने,<br>▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भुमिका तोक्ने ।<br>▪ गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मुल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |





| | |
|---|---|
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट जारी गरिएका नीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति सम्वेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामुलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँपालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति तथा कानुन पुनरावलोकन गर्न गाउँकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैंगिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एवं उजुरी सम्बोधनका लागि गाउँकार्यपालिकासंग समन्वय गर्ने । |

| | | |
|---|---|---|
| लैंगिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ | गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने । |
| | ▪ | गाउँपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने । |
| | ▪ | लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने |
| | ▪ | गाउँपालिकाको लैंगिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने । |
| | ▪ | गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने । |
| | ▪ | महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| | ▪ | लक्षीत व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने । |
| | ▪ | लैंगिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |





| | | |
|---|---|---|
| लैंगिक सम्पर्क व्यक्ति | ▪ | महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने, |
| | ▪ | गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने । |
| | ▪ | गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवं सहजीकरण गर्ने । |
| | ▪ | कार्यस्थलमा हुने योनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय बीच समन्वयकारी भूमिका निर्वाह गर्ने । |
| | ▪ | लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने । |
| | ▪ | समुदायमा बिद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मूल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने । |
| | ▪ | लैंगिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने । |
| | ▪ | गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमुखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने । |
| | ▪ | सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने । |
| | ▪ | गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने । |
| | ▪ | गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |

| | |
|---|---|
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंगिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैंगिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण व्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने । |





| | |
|---|---|
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषध दुरर्ब्यसनी बिरुद्ध सचेतनामुलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मुलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमुखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने । |

| | |
|---|---|
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु (महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समुहहरूको सञ्जाल) | ▪ लैंगिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गने ।<br>▪ लैंगिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको व्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यबसायि संघ, यातायात व्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समुहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |





| | |
|---|---|
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वियन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सुचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ,<br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ५.१.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई नीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमुखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैंगिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन, लैंगिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व  सुनिश्चित गर्ने ।

च) लैंगिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा ब्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैंगिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

**५.१.४. सरोकारवाला बिच समन्वय एवं साझेदारी :**

गाउँपालिकाबाट जारी गरिएको लैससास नीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरि हार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

**५.२. लैससास नीति कार्यान्वयनको अनुगमन प्रणाली** :





ऐरावती गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंगिक तथा सामाजिक समावेशीकरण नीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तर दायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजो खा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ । गाउँपालिकाले लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न  देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिर्धित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपीलिकाका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) गाउँपालिकास्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| च) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंगिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका

नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंगिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निदे र्शन तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैंगिक हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जे खिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपलिकाका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

**३) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा समितिका सबै सदस्यहरु | सदस्य |
| घ) वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी सदस्य | |
| घ) वडा बाल संजालको अध्यक्ष | सदस्य |
| ङ) वडा सचिव | सदस्य |
| सचिव | |





**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित ब्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैंगिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देबन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्नन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गगर्ने, राउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

**परिच्छेद ६ लैससास नीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :**

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ। लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| क. सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमुखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमुखिकरण गर्ने । | |
| २ | सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुँदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तर ाष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । | |
| ३ | लैससास नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रो तको उत्पादन तथा परिचालन गर्ने । | |
| ४ | लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा र ाख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । | |
| ५ | गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गर ाउने । | |
| ६ | टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने | |
| ७ | वन्चितीकरणमा परे का वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने | |
| ८ | खण्डिकृत तथ्याङ्क तथा सुचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । | |
| ९ | स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावे शी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । | |

## परिच्छेद ७

## कानुनी व्यवस्था तथा पुनरावलोकन

### ७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

ऐरावती गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास नीति कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ। उक्त कार्यविधि तथा रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ

### ७.२.नीतिको पुनरावलोकन तथा सुधार

ऐरावती गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ। लैससास नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ।

प्रमाणीकरण मिति :

आज्ञाले
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत





ऐरावती गाउँपालिका

# स्थानीय राजपत्र

ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) बरौला, प्यूठान फागुन २९ गते, २०७८ साल (संख्या ४

भाग २
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बरौला, प्यूठान

ऐरावती गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## विपन्न परिवारका लागि ग्याँस चुलो वितरण सम्वन्धी कार्यविधि, २०७८

पृष्ठभुमी :

ऐरावती गाउँपाललका क्षेत्र र विशेष गरी महिलाहरुको इन्धन माथि रहेको जङ्गलको परनिर्भरता घटाउन र खाना पकाउने प्रयोजनको लागि प्रयोग गरिने इन्धनको सुनिश्चिता गर्न नेपालको संविधानको अनुसूचि-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले गाउँपालिकालाई आवश्यक पर्ने स्थानीय कानुन बनाउन सक्ने कानुनी व्यवस्था गरेकोले सोही अधिकार प्रयोग गरी ऐरावती गाउँपालिकाले लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत ग्यासँ सिलिण्डर तथा चुलो वितरण सम्बन्धि कार्यविधि तर्जमा गरी कार्यपालिकाबाट मिति २०७८।११।१८ गते स्वीकृत गरी लागु गरिएको।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यसकार्यविधिको नाम "ऐरावती गाउँपालिकाको ग्याँससिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०७८ " रहेकोछ.

(२) योकार्यविधिकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. पररभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा- -

(क) " अध्यक्ष "भन्नाले ऐरावती गाउँकार्यपालिकाकोगाउँपालीका अध्यक्षलाइ सम्झनु पर्दछ।

(ख ) "उपाध्यक्ष " भन्नाले ऐरावती गाउँकार्यपालिकाकोगाउँपालीका उपाध्यक्षलाइ सम्झनु पर्दछ। (ग) "प्रमखु प्रशासकिय अधिकृत" भन्नाले ऐरावती गाउँकार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्दछ।

(घ) "कार्यपालिका "भन्नाले ऐरावती गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "वडा अध्यक्ष "भन्नाले ऐरावती गाउँपालिकाकोवडा अध्यक्षलाइ सम्झनु पर्दछ।

(च) "वडा समिति" भन्नाले ऐरावती गाउँपालिकाकोवडा समितिलाई सम्झनु पर्दछ।

(छ)" सदस्य" भन्नाले ऐरावती गाउँ कार्यपालिकाकोसदस्य तथा वडा सदस्यलाईसम्झनु पर्दछ।

(ज) "ऐन" भन्नालेस्थानीयसरकारसंचालनऐन२०७४लाईसम्झनु पर्दछ।

(झ) "सभा" भन्नालेगाउँसभालाईसम्झनु पर्दछ।

(ञ) "गाउँस्तरिय वितरण समिति "भन्नालेयस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

(ट) " संयोजक "भन्नालेयस कार्यविधि बमोजिम गठन हुने समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ठ) " स्थानीयतह "भन्नाले ऐरावतीगाउँपालिकालाईसम्झनु पर्दछ।

(ड) " लाभग्राही "भन्नालेगाउँपाललकाक्षेत्र भित्र कच्चीघरमाबसोबासगर्ने नेपालीनागरिकलाईसम्झनु पर्दछ।

(ढ) " कच्चीघर "भन्नालेफुसकोछानो तथा जस्ता पाता पलाष्टिकले छाएको घर अर्थात पक्की ढलान नभएको घर सम्झनु पर्दछ।





परिच्छेद -२

ग्याँससिलिण्डर चुलो ब्यवस्थापन सम्बन्धि प्रकृया

३. लाभग्राहीघरपरिवारछनौट प्रकृया:

(१) वडा स्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसूची- १ बमोजिम संकलन गरी वडा समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ।

(२) गाउँपालिका स्तरीय कार्यक्रमहरुको हकमा लाभग्राही घर परिवार तथ्यांक अनुसूची- १ बमोजिम संकलन गरी तपशिलको समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ।

तपशिल

गाउँपालिका अध्यक्ष वा निजले तोकेको जन-प्रतिनिधि- संयोजक

सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

गाउँपालिका अध्यक्षले तोकेको दुई जना महिला प्रतिनिधि- सदस्य

सम्बन्धित वडाको एक जना वडा सदस्य-सदस्य

रोजगार सेवा केन्द्र प्रमुख- सदस्य

विपद् ब्यवस्थापन शाखा प्रमुख-सदस्य

४. लाभग्राहीघरपरिवारछनौटकोआधार :

(१) गाउँपालिकाकोस्थायीबासिन्दा।

(२) नेपालीनागरिक।

(३) कुनैपनिपरिवारकोसदस्य जागिरमा नभएको।

(४) यसपूर्व त्यस किसिमको कुनैपनि सुविधा प्राप्त नगरेको।

५. गाउँपाललका स्तरीय लाभग्राही घरपरिवार छनौट समितिको ब्यवस्था:

(१) दफा३कोउपदफा१रउपदफा२बमोजिमकोसमितिहरुबाट छनौटभैआएकालाभग्राहीघर परिवारहरुको अन्तिम छनौटगर्न तपशिल बमोजिमकोगाउँपालिकास्तरीय छनौटसमिति रहनेछ।

तपशिल

गाउँपालिका अध्यक्ष-संयोजक

प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकको एक जना कर्मचारी- सदस्य

सम्मन्धित वडाको वडा अध्यक्ष- सदस्य

योजना शाखा प्रमुख सदस्य

संयोजकले तोकेको २ जना महिला सदस्य

विपद् व्यवस्थापन प्रमुख-सदस्य

(२) प्रशासन शाखाका शाखा प्रमुखले सदस्य सचिबको कार्य गर्नेछन ।

(३)उपरोक्त समितिले अनुसूचि-३ बमोजिमको ढाँचामा विवरण तयार गर्नेछ ।

(४) उत्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

६. जनशक्ति सम्बन्धि व्यवस्था:

(१) लाभग्राहीघरपरिवारको तथ्यांक संकलनगर्नेकार्यका क्रममा जनशक्ति अपुग भएमा यसै कार्यक्रमको रकमबाट खर्च ब्यहोरीने गरी जिल्ला दररेटलाई आधार मानि दैनिक ज्यालादारीको रुपमा खटाई हाजिरी प्रमाणित गरी सेवा सुविधा उपलब्ध गराईनेछ ।

७. वितरण सम्बन्धि व्यवस्था :

(१) दफा५कोसमिति मार्फत छनौटभएकालाभग्राहीघरपरिवारलाईग्याँससिलिण्डर तथा चुल्हो वितरण गर्न तपशिल समिति रहनेछ ।

तपशिल

गा.पा. अध्यक्ष - संयोजक।

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य।

संयोजकले तोकेको १ जना महिला जनप्रतिनिधि -सदस्य।

सम्बन्धित वडाको वडा सदस्य - सदस्य।

जिन्सीशाखाप्रमखु -सदस्यसचिब।





(२) उपदफा१मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वडामा गाउँस्तरीय कार्यक्रम नपरेको खण्डमा सम्बन्धित वडाको वडा अध्यक्ष नै संयोजक हुनेछ ।

(३) एकघरमाएकभन्दाबढीलाईवितरणगरिनेछैन।

(४) उपयुक्त समितिले अनुसूचि-४ बमोजिमकोढाँचामाभरपाई तयार गर्नेछ ।

(५) गाउँपालिका स्तरीय योजनमा सामाग्री वितरण पालिकाबाट र वडा स्तरीय योजनामा सामाग्री वितरण सम्बन्धित वडाबाट हुनेछ ।

८. खरिद तथा भुक्तानी सम्बन्धि ब्यवस्था :

(१) लाभग्राहीघरपरिवारलाईवितरण गरिने ग्याँस सिलिण्डर तथा चुलो खरिद सम्बन्धि ब्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

(२) उपदफा१बमोजिमखरिदगरिएकोग्याँससिलिण्डर तथा चुल्होको खरिद बिल, वितरण भर्पाई तथा अनुगमन प्रतिवेदन प्राप्त भएपछि गरिनेछ ।

परिच्छेद-३

विविध

९. दण्डजरिवाना :

(१) यदीकसैलेनक्कलीलाभग्राहीकोरुपमासेवा सुबिधा लिएको बिक्रि वितरण गरेको प्रमाणित भएमा वितरण गरिएको सामान जफत गरी कानुन बमोजिम कार्वाही गरिनेछ

(२) यदि कसैले वितरण गरेको ग्याँस सिलिण्डर तथा चुल्हो अन्य कुनै प्रयोजनको लागि प्रयोग गरिएको पाईएमा निजलाइ उक्त सामाग्री बराबरको दण्ड जरिवाना गरी निजलाई गाउँपालिकाबाट प्राप्त हुने सम्पूर्ण सेवा सुविधा बन्द गरिनेछ ।

१०. अनगुमन :

(१) ग्याँससिलिण्डर तथा चुल्हो वितरणको दौरानमा वा वितरणपछी कार्यक्रमको प्रभाबकारीताको अनुगमन गर्न तपशिल बमोजिमको समिति रहनेछ ।

तपशिल

योजना अधिकृत- संयोजक

सम्बन्धित वडाको वडा सदस्य- सदस्य

गाउँपालिका प्रमुखले तोकेको १ जना महिला जनप्रतिनिधि- सदस्य

(२) उपयुत्त समितिले देखिएका ब्यहोरा सहित बवश्यक सल्लाह सुझाव गाउँपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।

११. बाधा अड्काउ फुकाउनेः

(१) यसकार्यविधिमाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१२. परिमार्जन तथा संसोधनः

(१) कार्यविधिलाई आवश्यकता अनसुारगाउँपालिकाकोकार्यापालिकाले परिमार्जन संसो धन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा३ (१) र (२) संगसम्बन्धित )

मितिः .......................

श्रीसमिति अध्यक्ष/ वडा अध्यक्षज्यु,

ऐरावतीगाउँपालीका ....................... वडाकायालय , धुवाङ ।

विषय : गयाँससिलिण्डर तथा चुल्हो सेट उपलब्ध गराई पाउँ ।

महोदय ,

प्रस्तुत विषयमा तहाँ वडा कार्यालय/गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम म तथा मेरो घरपरिवार तोकिएको लक्षित वर्ग भित्र पर्ने भएकोले ग्याँस सिलिण्डर सहित चुल्हो सुबिधा प्राप्त गर्नका लागिम योग्य भएकोले यो निवेदन पेश गरेको छु । मेरो घरपरिवारको विवरण निम्न बमोजिम रहेको छ ।

तपशिल

१.घरमुलीकोनामथर :.......................................................................

२.पारिवारीकविविरण :

नामथर :





नाता :

क) ..........................................................................................

ख ) ..........................................................................................
.................. ग) .......................................................................

घ ) ..........................................................................

न.) ..........................................................................

च ) ..........................................................................

छ ) ..........................................................................

ज ) ..........................................................................

झ) ..........................................................................

जम्मा परिवारसंख्या : .....................

३. घरकोअवस्था :

क) पक्कीख) कच्चीग) टहरोघ) घरनभएकोन)अन्य

४आआम्दानीको स्रोत :

क) कृषि ख) जागिर ग) उद्योग धन्दाघ) मजदुरी न) अन्य५खान५.पकाउनप्रयोगगरेकोईन्धन :

क) दाउराख) गोबरगईंठाग) गोबरगयाँसघ) ग्याँससिलिण्डर न)अन्य

६. माथि मैलेलेखाएकाविविरणठिकसाँचोहोयसपूर्व मेरो परिवारले सो सम्बन्धि कुनै सुबिधा लिईएको छैन । फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

संलगनकागजातहरु :

(क )नेपालीनागरीकताको प्रतिलिपी

निवेदकको नाम थर

(ख) अन्यकागजात ................. ठेगाना

निवेदकले दिएको ब्यहोरा ठिक साचो हो भनि
प्रमाणित गर्दछु ।

हस्तारक्ष:
नाम :

| | |
|---|---|
| | |

पद:

अनुसुची-२
(दफा३ (१) र (२) संगसम्बन्धित )
मिति : ......................

छनौटसमिति/ वडा समितिहरुबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण

| सि. न. | लाभग्राहीको नाम, थर | ठेगाना | कच्चीघर भए/नभएको | जागिरभए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

वडा सदस्य वडा सदस्य वडा सदस्य वडा सदस्य वडाध्यक्ष
गा.पा.संयोजक

प्रमाणीकरण मिति : आज्ञाले
हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत





ऐरावती गाउँपालिका
# स्थानीय राजपत्र
ऐरावती गाउँपालिकाद्वारा प्रकाशित
खण्ड ५) बरौला, प्यूठान फागुन २९ गते, २०७८ साल (संख्या ४

भाग २
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बरौला, प्यूठान

ऐरावती गाउँपालिकाको दशौं गाउँसभाले बनाएको तल उल्लेखित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा ऐरावती गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ऐरावती गाउँ कार्यपालिकाको मिति २०७८।११।८ को बैठकवाट "अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८" स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम “अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८” रहेको छ ।

ख.यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा :-

क. “अध्यक्षसँग युवा कार्यक्रम” भन्नाले : वैदेशिक रोजगारी तथा बढ्दो बसाँइसराइलाई न्युनीकरण गरी स्थानीय रोजगारीका अवसरहरूलाई प्रवर्द्धन गर्न अनुदानसहितको ऐरावती गाउँपालिकाबाट कार्यविधिको अधीनमा रही सञ्चालित युवा कार्यक्रम सम्भनु पर्छ ।

ख. “युवा कार्यक्रम कोष” भन्नाले : गाउँपालिकाभित्रका लगानी क्षमता न्यून भएका तथा नभएका युवा शक्तिलाई स्वरोजगार बनाउने गरी गाउँपालिकाले खडा (स्थापना) गरिएको कोषलाई सम्भनु पर्छ ।

ग. “कार्यविधि” भन्नाले : ऐरावती गाउँपालिकाअर्न्तगत सञ्चालित “अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८” लाई सम्भनु पर्दछ ।

घ. “समिति” भन्नाले : गाउँपालिकाभित्र गठित युवाहरुको समुह भन्ने सम्भनु पर्दछ ।

ङ. “परियोजना” भन्नाले : युवा कार्यक्रमको लागि तयार पारिएको प्रस्ताव बुझ्नु पर्दछ ।

च. “कार्यक्रमका लक्षित वर्ग” भन्नाले : गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने १८ देखी ४० वर्ष भित्रका लगानी क्षमता न्यून भएका युवा वर्ग भनी बुझ्नु पर्दछ ।

छ. “अनुदान” भन्नाले : गाउँपालिकाभित्र परियोजना सञ्चालन गर्ने गरी छनौट भएका युवाहरूलाई प्रदान गरिने नगद तथा जिन्सी भन्ने बुझ्नु पर्दछ ।

३. कार्यक्रमको उद्देश्य तथा प्रभाव : यस कार्यक्रमको मुख्य उद्देश्य ऐरावती गाउँपालिकाभित्रका युवाहरूलाई स्थानीय रूपमा नै रोजगारीका अवसर सिर्जना गराई गाउँ छाडेर विदेश या देशभित्रका अन्य भागमा जानुपर्ने वाध्यताबाट मुक्त गराउनु रहेको छ। भने प्रभावहरू तपसिल बमोजिम हुने छन् ।

- कार्यक्रम सञ्चालन भएपछि युवाहरू आफ्नै गाउँ ठाउँमा स्वरोजगार हुने छन् ।
- युवाहरूमा उद्यमशीलता बढ्ने छ ।





- नयाँ पुस्तामा गाउँमै अवसरहरू प्राप्त छन् भन्ने सन्देश प्रवाहित हुने छ ।
- युवा वर्गको पलायन रोकिने छ ।
- स्थानीय स्रोतको उच्चतम प्रयोग भई समग्र ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ ।

## परिच्छेद २
## समिति गठन

४. समिति : (१) अध्यक्षसँग युवा कार्यक्रम सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपसिल बमोजिमको स्वरोजगार कोष सञ्चालक समिति गठन गरिने छ ।

- गाउँपालिका अध्यक्ष -संयोजक
- अर्थिक विकास समिति संयोजक सदस्य -सदस्य
- गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख-सदस्य सचिव

२. प्रस्तावहरूको मूल्याङ्कन तथा स्वीकृति समति : अध्यक्षसँग युवा कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाका अध्यक्षको नेतृत्वमा तपसिल बमोजिमको छनौट समिति गठन गरिने छ ।

- गाउँपालिका अध्यक्ष संयोजक
- अध्यक्षले मनोनित गरेका वडा अध्यक्ष १ जना -सदस्य
- अध्यक्षले मनोनित गरेका महिला वा दलित वडा सदस्यमध्ये बाट १ जना, सदस्य
- अध्यक्षले मनोनित गरेका नागरिक समाजका प्रतिनिधि १ जना सदस्य
- गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

३. अनुगमन सम्बन्धी व्यवस्था : अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन कार्यक्रमबाट छनौट भई उद्यमी (स्वरोजगार बनेका) युवाहरूले अनुदानको रकमको दुरूपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि तपसिल बमोजिमको अनुगमन समिति गठन गरिने छ ।

- गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना - संयोजक
- अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना - सदस्य
- सम्बन्धित समितिको प्रतिनिधि १ जना - सदस्य
- उद्यमी रहेको वडाका वडा अध्यक्ष - सदस्य मादी

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रक्रिया

५. प्रस्ताव आह्वान : (१) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका युवाहरूले अनुदान प्राप्त गरी स्वरोजगार बन्ने कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरूको लागि स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा र सूचना पार्टीमा सूचना प्रकाशित गरी गाउँपालिकामा पेस गर्ने गरी प्रस्ताव आह्वान गरिने छ। प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरूले १५ दिने सूचना प्रकाशन गर्ने छन्। साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र तथा सङ्क्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिमको ढाँचामा हुनुपर्ने छ।

२. सूचना सार्वजनिक भएको १५ दिनभित्र यस्तो कार्यक्रममा सहभागी हुन चाहने युवाले आफूले गर्न चाहेको काम, पेसा, व्यवसाय खुलाएर, त्यसको अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको स्रोत, सम्भावित आयसमेत खुलाएर वडाध्यक्षको सिफारिससहित आवेदन दिनुपर्ने छ।

३. यस्तो निवेदनउपर आवश्यक छानबिन गरी उचित ठहरिएका निवेदक युवाहरूलाई सामूहिक रूपमा भेला गरी कार्यक्रमको उद्देश्य र सञ्चालन विधिबारे जानकारी गर इने छ।

४. तोकिएको सङ्ख्याभन्दा बढी आवेदन पर्न आएमा पहिलो आउनेलाई प्राथमिकता दिने आधारमा अनुदान दिइने छ।

५. कार्यक्रममा सहभागिताका लागि आवेदन दिने युवा ऐरावती गापाको स्थायी बासिन्दा हुनुपर्ने छ भने सहभागिको उमेर १८ बर्षदेखि ४० बर्षभित्र हुनुपर्ने छ।

६. यस कार्यक्रम अन्तर्गत सहभागी युवाले परियोजना यसै गाउँपालिकाभित्र मात्रै सञ्चालन गर्न पाउने छन्।

७. रोजगार सम्बन्धी काम र योजनाका लागि गाउँपालिकाबाट एक पटक आर्थिक अनुदान लिइसकेको व्यक्ति यो योजनामा सामेल हुन पाउने छैन।





## परिच्छेद ४
## विविध.

प्राथमिकता दिनुपर्ने : कार्यक्रममा सहभागिताका लागि उसको बर्गीय अवस्थाअनुसार प्राथमिकता तोकिने छ। यस्तो वर्ग विश्लेषणको आधार ऐरावती गाउँपालिका, विज्ञहरूको समूहले गरेको आर्थिक स्तरीकरण सर्भेक्षण (गाउँपालिका प्रो फाइल) का आधारमा हुने छ। गाउँपालिकामा समग्रमा विपन्न र धनी वर्गको तुलनामा निम्न मध्यम वर्गको परिवार सङ्ख्या बढी भएकोले निम्न अनुसार प्राथमिकता तय गरिने छः

- विपन्न वर्गबाट २५ प्रतिशत
- निम्नमध्यम वर्गबाट ५०प्रतिशत
- मध्यम तथा धनी वर्गका सदस्य मध्येबाट २५ प्रतिशत कार्यक्रममा समावेशी प्रतिनिधित्व होस् र महिलाहरूको कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिस्चित होस् भन्नेमा गाउँपालिका सचेत छ।

७. अनुदान भुक्तानी प्रक्रिया :

- प्राप्त आवेदनहरूको आधार तयार गरी उपयुक्त देखिएका परियोजनाका लागि नगद तथा जिन्सि सामाग्री प्रदान गरिने छ।
- परियोजना प्रस्ताव ल्याएका तर परियोजनाका विविध पक्ष बारे आवश्यक ज्ञान र सूचना कम भएका आवेदकका हकमा गाउँपालिकाले अभिमूखीकरण तालिम प्रदान गर्ने छ।
- सिप सिकेर काम गर्ने चाहना राख्ने आवेदकका हकमा गाउँपालिकाले विभिन्न सङ्घ या संस्थाहरूको सहयोगमा आवस्यक तालिमको व्यवस्था गरे पछि मात्र यस्तो अनुदान उपलब्ध गराउने छ।

८. वडागत अनुगमन : समितिले कार्यक्रम अनुगमनका लागि वडा समितिलाई निर्देशन गर्ने छ। सम्बन्धित वडा अध्यक्षको नेतृत्वको समितिले अनुदान लिइएको परियोजनाको अनुगमन गरी गाउँपालिका अध्यक्षलाई प्रतिवेदन दिने छ।

९. दुरूपयोग हुनबाट रोक्ने : यस्तो अनुदान दुरूपयोग हुनबाट रोक्न गाउँपालिकाले उपयुक्त उपायहरू अपनाउन सक्ने छ। यसरी अनुदान लिएर दुरूपयोग गर्नेका हकमा

निजलाई गाउँपालिकाले दिने सुविधाबाट बञ्चित गर्न सकिने प्रावधानसहित उल्लेख गरेर करारपत्रमा हस्ताक्षर गर्न लगाइने छ।

११. अवधि : यस्तो युवा कार्यक्रमको प्रभावकारिता हेरी सञ्चालक समितिको सिफारिसमा गाउँपालिकाले कार्यक्रम स्थगित गर्न सक्ने छ।

१२. प्रचलित कानुन लागु हुने : कार्यक्रम कार्यन्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहीबमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुने छ।

१३. कार्यविधि संशोधन तथा परिमार्जन : ऐरावती गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संशोधन गर्न सक्ने छ।

## अनुसूची - १

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### अध्यक्षसँग युवा कार्यक्रम, (युवा स्वरोजगार कार्यक्रम) सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाको ढाँचा

अध्यक्षसँग युवा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ....................................

यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार युवाहरूलाई अध्यक्षसँग युवा कार्यक्रम मार्फत् स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ४० वर्ष उमेरमा अर्ध बेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी बसो बास गर्ने युवाहरूले पेस गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा अनुसारको आवेद फार ममा दरखास्त दिनुपर्ने छ।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजहरू सङ्लग्न राख्नसमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

१. अनुसूची २ अनुसारको आवेदन फाराम

२. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि





४. अन्य प्रमाणित प्रमाण पत्रहरू (व्यवसाय दर्ता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू

५. कार्यविधि गाउँपालिकाको वेवसाईट :airawatirm@gov.np मा हेर्न सकिने छ।

६. थप जानकारीका लागि सम्पर्क : ९८५७८३३०२३, र

इमेल : airawatirm@gmail.com

नोट : यस सूचनामा उल्लेख भएबाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय बमोजिम हुने छ।

## अनुसूची - २

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### अध्यक्षसँग युवा कार्यक्रमबाट अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यु,

ऐरावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ददेरीपाटा,बरौला प्यूठान।

विषय : अनुदान सहयोग उपलब्ध गराइदिने बारे।

महोदय, मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .............. कार्य गर्न तीव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रियाअनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्ने छु। पुनश्च : तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ सङ्लग्न राखेको व्यहोरासमेत अनुरो ध गर्दछु।

तपसिल :

१. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३. गर्न चाहेको पेसा व्यवसाय सम्बन्धित निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको हकमा पासपोर्टको प्रतिलिपि ६. आर्थिक प्रस्ताव

७. कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता

निवेदक नाम :

दस्तखतः

ठेगानाः ऐरावती गाउँपालिका,

## अनुसूची - ३
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

अध्यक्षसँग युवा कार्यक्रमबाट अनुदान प्राप्त गर्नको लागि पेस गरिने सङ्क्षिप्त व्यवसायिक कार्य योजना :

गर्न चाहेको पेशा व्यवसायको नाम :

सम्पर्क नम्वर :

ठेगाना : प्यूटान जिल्ला ऐरावती गाउँपालिका वडा नं. .. टोल : ............ पेसा/व्यवसाय गरिने स्थान :

व्यवसायिक हुन गरिने पेसा/व्यवसायको कार्य विवरण :

| क.स. | सञ्चालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

पेसा व्यवसाय गर्ने व्यवसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्ने छ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ....महिना......

२.पेसा/व्यवासयाको किसिम :

३. पेसा/व्यवसायको कुल लागत :





४. पेसा/व्यवसायबाट लाभान्वित परिवार संख्या :

५. पेसा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफल :

६. पेसा/व्यवसायका प्रयोग हुने प्रविधि :

९. पेसा/व्यवसायको लागि श्रमको व्यवस्थान :

क. पारिवारिक : महिला सङ्ख्या : ........, पुरुष सङ्ख्या : ..........

ख. बाहिरबाट : महिला सङ्ख्या : .........., पुरुष सङ्ख्या : .............

१०. उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल :

अनुदान प्राप्त गर्ने तर्फबाट सही गर्ने :

नामः संस्थाको छाप :

दस्तखत :

मिति :

## अनुसूची - ४
## अध्यक्षसँग युवा कार्यक्रमबाट अनुदान प्राप्त गर्ने युवासँग कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र :

ऐरावती गाउँपालिका मार्फत् सञ्चालन गरिने चालु आ.व. ............. को स्वीकृत अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन गर्ने ऐरावती गाउँ कार्यपालिकाको कार्यालय (यसभन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा श्री/सुश्री/श्रीमती .............................................. (यसभन्दा पछाडि दोस्रो पक्ष भनिने) बिच तपसिलका कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

१. पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्य योजना अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरूप उपलब्ध गराउने छ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट आफू स्वरोजगार हुनको लागि अवलम्बन गर्ने पेसा व्यवसायको लागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसार को ................................................... व्यवसाय सञ्चालन गर्ने छ।

३. पहिलो पक्षले नियमित रूपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने छन्।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

५. यस सम्झौतामा उल्लेख भएभन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

पहिलो पक्ष

दोस्रो पक्ष मादी गाउँपालिकाको तर्फबाट

युवा उद्यमीको तर्फबाट नाम :

नाम :

पद : पद :

दस्तखत :

दस्तखत :

मिति : मिति :

सम्पर्क फोन नं.: सम्पर्क फोन नं.:

कार्यालयको छाप : औँठाको छाप :

दायाँ बायाँ

## अनुसूची - ५

## अध्यक्षसँग युवा कार्यक्रमबाट अनुदान प्राप्त गर्ने युवाहरूले प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी

२. सञ्चालित पेसा/व्यवसायको

नाम : नाम :

ठेगाना : ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधि :

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आइपरेका बाधा अड्चन | समाधानको लागि सुझावहरू |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |





प्रति इकाइ उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य :

१. ............................... २. ............................ ३. ................................

प्रमाणीकरण मिति :

आज्ञाले

हिरालाल भण्डारी

प्रमुख प्रशासकीय अधिकृत